# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## पिपरा गाउँपालिका
## महोत्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि(Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य(Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and QualityAudit Service to the Nation)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७।०७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।



स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिकलेखापरीक्षणमहानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं.४३०

मितिः २०७९।३।२०

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्षज्यू,
पिपरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
महोत्तरी ।

**कैफियत सहितको राय**

हामीले पिपरा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा  पूर्णरुपमा सबै कारोवार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू. २७ करोड ९२ लाख ६७ हजार बेरुजू देखिएको छ। सो उपर प्रमाण प्रतिकृया प्राप्त भएको छैन । बेरुजू मध्ये असुल गर्नुपर्ने रू.२ करोड ८१ लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ करोड २ लाख २९ हजार, नियमित गर्नुपर्ने रू.६ करोड  ५८ लाख १८ हजार र पेश्की रू. ५० लाख ४१ हजार रहेको छ ।पिपरा गाउँपालिकाको गतवर्ष रू. ५४ करोड ३८ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. ८२ करोड ३० लाख ९८ हजार रहेको छ । पिपरा गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. पिपरा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं।त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन।वित्तीय विवरणकाउपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

पिपरा गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | २६८ | २७९२६७ | ० | ० | ० | ३७ | २६८ | २७९२६७ | २८१७८ | ६५८१८ | १८०२२९ | ० | ० | २७९२६७ | ५०४१ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी | |
|---|---|---|---|---|---|---|---|---|
| पिपरा गाउँपालिका,महोत्तरी | ५४३८३१ | ० | ० | ५४३८३१ | ५४३८३१ | २७९२६७ | ८२३०९८ | |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पिपरा गाउँपालिका, महोत्तरी , पिपरा गाउँपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राज किशोर झा | २०७८-३-६ | २०७८-३-३१ |
| कार्यालय प्रमुख | राम किशोर महतो | २०७७-४-१ | २०७७-६-७ |
| कार्यालय प्रमुख | सावन कुमार चौधरी | २०७७-६-८ | २०७८-३-५ |
| कार्यालय प्रमुख | Shambhu Thakur | २०७८-११-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राम सागर यादव | २०७७-६-१ | |
| | | **बेरुजु रकम** | २७९,२६७,३२५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १७,१६,३२,८८० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१,५१,७०,२७० | चालु खर्च | २७,२५,१६,२६८.६ |
| प्रदेश सरकारबाट अनुदान | २,०३,५३,००० | पूँजीगत खर्च | १५,७२,१६,१०३.९५ |
| राजश्व बाँडफाँट | ७,०६,८५,२५६.४२ | वित्तीय/अन्य व्यवस्था | १५,४७,७१,९४६.८९ |
| आन्तरिक आय | १,६०,००,००० | | |
| अन्य आय | १६,३२,११,१५८.५४ | | |
| कुल आय | ५८,५४,१९,६८४.९६ | कुल खर्च | ५८,४५,०४,३१९.४४ |
| बाँकी मौज्दात | | १७,२५,४८,२४५.५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरी स्वीकृत भएको लेखापरीक्षण योजना २०७८, इकाईगत लेखापरीक्षण योजना २०७८, लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा उपलव्ध भएसम्मका श्रेश्ताको परीक्षणबाट लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन्। | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालनगर्ने उद्देश्यले यस पिपरा गाउँपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाईप्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिकाअन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ३९.९८वर्ग किलोमिटर क्षेत्रफल तथा करिब ३५ हजार ५२४ जनसंख्या रहेको छ । | |
| ३ | | | **प्राप्ति भुक्तानी हिसाब** | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | | ४८६०३८६२६.९६ | 99381058 | ५८५४१९६८४.९६ | | | |
| क. प्राप्ति (संचितकोषमा | | | ४२२२०८५२६.४२ | | ४२२२०८५२६.४२ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आम्दानी बाँधिने) | | | | | | | | | | |
| | | | | ११००० कर | 11 | | ७०८७११२५.०३ | | ७०८७११२५.०३ | | | | | |
| | | | | १३००० अनुदान | | | ३३५५२३२७० | | ३३५५२३२७०. | | | | | |
| | | | | संघीय सरकार | 12 | | ३१५१७०२७० | | ३१५१७०२७०. | | | | | |
| | | | | प्रदेश सरकार | 12 | | २०३५३००० | | २०३५३०००. | | | | | |
| | | | | अन्य आम्दानी | | | ० | | ०. | | | | | |
| | | | | १४००० अन्य राजस्व | | | १५८१४१३१.३९ | | १५८१४१३१.३९ | | | | | |
| | | | | १५००० विविध प्राप्ति | | | ० | | ०. | | | | | |
| | | | | ख. अन्य प्राप्ति | | | ६३८३०१०१ | 99381058 | १६३२१११५८.५४ | | | | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | | 0 | | ०. | | | | | |
| | | | | कोषहरु | | | ४७०७७५४७.५४ | | ४७०७७५४७.५४ | | | | | |
| | | | | धरौटी | | | १६७५२५५३ | | १६७५२५५३. | | | | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | 0 | 99381058 | ९९३८१०५८. | | | | | |
| | | | | भुक्तानी (ग+घ) | | | ४८५१२३२६१.४१ | 99381058 | ५८४५०४३१९.४१ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | | ४२९७३२३७२.५२ | | ४२९७३२३७२.५२ | | | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | 18 | | १४३७६७९७३.८३ | | १४३७६७९७३.८३ | | | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | 18 | | १०५१३२३०५.७४ | | १०५१३२३०५.७४ | | | | |
| | | | | २५००० सहायता (Subsidy) | 18 | | ३४४६१६० | | ३४४६१६०. | | | | |
| | | | | २६००० अनुदान | 18 | | 0 | | ०. | | | | |
| | | | | २७००० सामाजिक सुरक्षा | 18 | | १८११९०१२ | | १८११९०१२. | | | | |
| | | | | २८००० अन्य खर्च | 18 | | २०५०८१७ | | २०५०८१७. | | | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 18 | | १५७२१६१०३.९५ | | १५७२१६१०३.९५ | | | | |
| | | | | घ. अन्य भूक्तानी | | | ५५३९०८८९ | 99381058 | १५४७७१९४६.८९ | | | | |
| | | | | कोषहरु | | | ४१५८६४४९.५४ | | ४१५८६४४९.५४ | | | | |
| | | | | धरौटी | | | १३८४१५०४.३५ | | १३८४१५०४.३५ | | | | |
| | | | | अन्य खर्च | | | ० | | | | | | |
| | | | | संघीय, प्रदेश सरकार वा | | | | 99381058 | ९९३८१०५८. | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अन्य कार्यक्रम | | | | | | | | | | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -37065 | | -३७०६५. | | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | | ९१५३६५.५५ | ०. | ९१५३६५.५५ | | | | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या संचित कोष, धरौटी र कोषहरु ) | | | १७१६३२८८० | | १७१६३२८८०. | | | | | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | १७२५४८२४५.५५ | | १७२५४८२४५.५५ | | | | | |
| | | | | | | | | ०. | | | | | |
| | | | बैंक तथा नगद बाकी स्रेस्ता | 24 | | १७२४३३४४५.९६ | | १७२४३३४४५.९६ | | | | | |
| ४ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख ननु कुमारी दास रु. ७५ करोड ५८ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।६।०३ मा पारित भएको छ । समयमै बजेट पेश गर्ने, पारित गर्ने र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्नेतर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ । | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरण**<br>स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरेको देखिन्छ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>· वित्तीय विवरण तयार गर्दा सुत्रको प्राप्ति भुक्तानी हिसाबले देखाएको खर्चलाई आधार मानिएको छ ।<br>· पालिकाले सबै कारोबारलाई सुत्रमा समावेश नगरेको तथा वास्तविक कारोबार देखिने गरी सुत्र प्रणालीको व्यवस्थित प्रयोग गरेको नदेखिएकोले सुत्र प्रणालीको स्रेस्तालाई यथार्थ मान्न सकिएन।<br>· कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै भुक्तानीहुने संघीय कार्यक्रमहरुको खर्च सामाजिक सुरक्षातर्फको रु९६४१३५९९ र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फ रु २९६७४५९ समेत गरी कूल रु ९९३८१०५८ लाई समेत समावेश गरी एकीकृत प्राप्ति भुक्तानी हिसाब तयार गरिएको छ ।<br>· पालिकाको यस वर्षको कूल प्राप्ति रु 585419684.96 मा कूल भुक्तानी रु 584504319.44 घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी रकम रु १७१६३२८८० जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु 172548245.55 देखिन्छ । स्रेस्ता अनुसारको बैक तथा नगद बाँकी रु 172433445.96 देखिएकोले सो सम्बन्धमा यकिन गर्नुपर्दछ।<br>· पालिकाले यस वर्ष आन्तरिक श्रोत नगद राजश्वतर्फ रु १३०००००० आन्तरिक राजश्व खाताबाट सञ्चित कोष खातामा आम्दानी जनाएकोमा पटक पटक भौचर रिभर्स आम्दानी जनाएको हुदाँ वर्षान्त सम्ममा आन्तरिक स्रोत नगद आम्दानी रु २३९५५३७८ रकमले ऋणात्मक देखिन्छ । त्यसैले राजश्व खाता र संचित कोष खाता बीचको फरक रु ३६९५५३७८ देखिन्छ ।<br>· गत वर्ष ०७६।७७ को सशर्त अनुदानको खर्च नभई बाँकी रहेको रकम फिर्तागर्दा पालिकालेसञ्चित कोषबाट रु ३९२०७५४७ सिधै विविध खर्च खातामा मिति २०७७।१०।८ मा ट्रान्सफर गर ी विविध खर्च खाताबाट यस आ.व. ०७७।७८ मिति २०७७।१०।६ मा कोलिनिका खातामा फिर्ता गरेको देखिन्छ । उक्त कारोबार सुत्र प्रणालीको संचित कोषको बैंक नगदी किताबमा पोष्टिङ भएको देखिएन । सञ्चित कोषबाट खर्च खातामा ट्रान्सफर नगरी संचित कोषको बैक नगदीमा पोष्टिङ गरेकोले संचितकोषको खर्च घटी वर्षान्तको बाँकी मौज्दात बढेको देखिन्छ । यस सम्बन्धमा यकिन गर्नुपर्दछ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार संचित कोषमा गत वर्षको अन्त्यमा रु.१५०१०२९५७मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा संचित कोषमा रु १७१६३२८८० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २१५२९९२३ बढी जिम्मेवारी सारेको देखिन्छ । | |
| ७ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | ३५,६६८,२३९ |

| बैंकको नाम | खाता नं | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|---|---|
| | | | 606076.43 | | |
| एभरेष्ट बैंक लि. | 6200106200005 | ग १.१ आन्तरिक राजस्व खाता | ३०००००० | ४२८२४५ | |
| एभरेष्ट बैंक लि. | 6200106200010 | ग २.२ चालू खर्च खाता- जोर वर्ष | ६५६१२३५८.८७ | ६६२६३५०२ | |
| एभरेष्ट बैंक लि. | 6200106200012 | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ४९६५८०१४.०५ | ४९८०७४५८ | |
| एभरेष्ट बैंक | 6200106200013 | ग २.७ विविध खर्च खाता | ५३६५७५५. | 4190392.5 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | लि. | | | | | | |
| | | | एभरेष्ट बैंक लि. | 6200106200017 | ग ५.1 स्थानीय तह विविध कोष खाता | ० | ३२७९१८०.४९ | | |
| | | | एभरेष्ट बैंक लि. | 6200106200002 | ग ३.१ स्थानीय तह धरौटी खाता | ४८७४३८२.९६ | १०६०५४६४ | | |
| | | | एभरेष्ट बैंक लि. | 6200106200003 | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ६२००३७७.६५ | १५६५०४५ | | |
| | | | एभरेष्ट बैंक लि. | ०६२००१०६२०००१५-२ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६११०३ | 625920 | | |
| | | | | संचित कोष खाता र राजश्व खाता भिन्नता | | ३६९५५३७८ | | | |
| | | | जम्मा | | | १७२४३३४४६ | १३६७६५२०७ | -३५६६८२३९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>

**चौमासिक पुँजिगत खर्च**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><td>बजेट</td><td>प्रथम चौमासिक खर्च</td><td>दोश्रो चौमासिक खर्च</td><td>तेस्रो चौमासिक खर्च</td><td>असार</td><td>जम्मा बजेट</td><td>जम्मा खर्च</td></tr>
<tr><td>खर्च</td><td>७३९८०८६१.०६</td><td>९६४११७४१.०८</td><td>२५९३३९७७०.३८</td><td>८९०३१७४२.२</td><td>७५५८३५०९३</td><td>४२९७३२३७२.५२</td></tr>
<tr><td>खर्च(%)</td><td>९.७८</td><td>१२.७५</td><td>३४.३१</td><td>११.७७</td><td></td><td>५६.८५</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च**

यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th><th>मौज्दात</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२,००,३६,०००</td><td>९७,६८,७९४.८९</td><td>४८.७६</td><td>१,०२,६७,२०५.११</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२३,१८,९०,२७०</td><td>१७,७६,२३,११७.१७</td><td>७६.५९</td><td>५,४२,६७,१५२.८३</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>३१,९४,४९,५५४</td><td>१३,२४,२८,४०५.३९</td><td>४१.४६</td><td>१८,७०,२१,१४८.६१</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३,०५,००,०००</td><td>२,३४,४९,३०८</td><td>७६.८८</td><td>७०,५०,६९२</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१५,३९,५९,२६९</td><td>८,६४,६२,७४७.०७</td><td>५६.१६</td><td>६,७४,९६,५२१.९३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५,५८,३५,०९३</td><td>४२,९७,३२,३७२.५२</td><td>५६.८५</td><td>३२,६१,०२,७२०.४८</td></tr>
</table>

बजेटको आकारको तुलनामा आर्थिक विकास र पूर्वाधार विकासका क्षेत्रमा न्यून बजेट विनियोजन भएको देखियो । पालिकाले पूर्वाधार विकासको क्षेत्रमा खर्च भएको बजेटको ३० प्रतिशत मात्र खर्च गरेको देखियो । अन्य क्षेत्रमा समेत लक्ष्य अनुसार बजेट खर्च गर्न सकेको देखिएन । पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासका लागि पुजीगत बजेट खर्चमा जोड दिँदै क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल प्राप्ति रु. ४८६०३८६२७ गरेकोमा राजस्व बाँडफाँडबाट रु ७०६८५२५६ तथा नितान्त आन्तरिक श्रोत बाट रु१६०००००० र अनुदानबाट रु ३३५५२३२७० आम्दानी गरेको देखिन्छ । यस वर्ष चालुतर्फ रु २७२५१६२६९ र पूँजिगत तर्फ रु १५७२१६१०३ खर्च भएको छ । खर्च मध्ये वाँडफाडबाट प्राप्त राजश्व सहितको आन्तरिक श्रोतको हिस्सा १६.४४ प्रतिशत मात्रै रहेको छ । पालिकालाई प्राप्त भएको सबै आम्दानी, अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.०६ प्रतिशत चालु र ३२.३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>· आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>. पालिकाले वार्षिक बजेट, नीति तथा कार्यक्रम छपाई गरी सम्बन्धित वडालाई वितरण गरेको तथा यस आर्थिक वर्षको लागि निर्धारित राजस्व शुल्क तथा दरहरु सम्बन्धित वडाहरु कार्यान्वयन गराउनको लागि जानकारी गराएको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>· कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· सञ्चालित योजनाकोआयोजना सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· पालिकाको नियमानुसार आन्तरिक लेखापरीक्षण भएको पाईएन।<br>· दश लाख माथिका निर्माण कार्यमा अनिवर्य विमाको प्रावधान हुनुपर्नेका सो अनुसार गरेको देखिएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अनुदान फिर्ता**<br><br>विनियोजन ऐन २०७७ दफा ४(१२) अनुसार संघ सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।प्रदेश विनियोजन ऐन २०७७ दफा ४(११) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सशर्त, समपुरक तथा विशेष अनुदानतर्फको खर्च नभई बचत रकम सञ्चित कोषमा फिर्ता गरेको नदेखिएकोले सो को प्रमाण पेश हुनुपर्ने रु | ४८,५९३,५१२ |

| विवरण | संघीय श्रोतको रु | प्रदेश श्रोतको रु | अन्य श्रोतको रु | जम्मा |
|---|---|---|---|---|
| १३३१२ : शसर्त अनुदान चालु | ४,०९,६७,६१८.५० | २६,२५,८९३ | ० | ४,३५,९३,५११.५० |
| १३३१४ : विषेश अनुदान चालु | ० | ३०,००,००० | ० | ३०,००,००० |
| १३३१६ : समपुरक अनुदान चालु | ० | २०,००,००० | ० | २०,००,००० |
| जम्मा | ४,०९,६७,६१८.५० | ७६,२५,८९३ | | ४,८५,९३,५११.५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **करार नियुक्ति** – पिपरा गाउँपालिकाको सेवा करार व्यवस्थापन कार्यविधि, 2074 (3) मा प्रमुख प्रशासकिय अधिकृत संयोजक सम्बन्धित विषयको वा विषयगत शाखाको कर्मचारी वा विशेषज्ञ सदस्य, नायब सुब्बा सदस्य सचिव रहने गरी 3 सदस्यीय एक छनौट तथा सिफारिस समिति गठन हुने व्यवस्था रहेकोमा निम्नानुसार देखिन्छ।<br>1. सेवा करार व्यवस्थापन कार्यविधि, 2074 (3) मा माथिका 3 सदस्यीय एक छनौट तथा सिफारिस समिति गठन हुने व्यवस्था भएकोमा गाउँपालिका अध्यक्ष विक्रम चौधरीको अध्यक्षतामा मिति 2077/7/3 को वैठकबाट निम्नानुसारको पदपूर्ति समिति गठन भएकोले कार्यविधि पालना भएको देखिएन।<br>क) प्र.प्र.अ. सावन कुमार चौधरी – संयोजक<br>ख) अधिकृत छैठौँ प्रशासन राम प्रबोध ठाकुर – सदस्य<br>ग) लेखा अधिकृत राम सागर यादव – सदस्य<br>घ) ए.ओ मो. नजामुद्धिन साफी – सदस्य सचिव<br>2. सुचना प्रकाशित गर्न, परीक्षा दस्तुर निर्धारण सम्बन्धि प्रस्ताव मिति 2077/7/5 मा पदपुर्ति समितिको वैठकमा मिति 2077/7/3 मा गठित समितिका पदाधिकारी बाहेक रोजगार संयोजक राजिव कुमार झा, सहायक चौथौँ गणपति झा समेत निर्णय प्रकियामा उपस्थित भएका देखिन्छ।<br>यसरी कार्यविधि भन्दा 1 जना बढी सदस्य रहेको पदपूर्ति समिति गठन गरेको तथा पदपूर्तिको सुचना देखि नियुक्ति सम्म गठित पदपूर्ति समिति भन्दा 2 जना अन्य कर्मचारीलाई उपस्थित गराइ निर्णय प्रकियामा सामेल गरेकोले पदपूर्ति समिति गठन प्रकिया कार्यविधि विपरित भएको देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १३.२ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले मे.अ., सुचना प्रविधि कर्मचारी, रोजगार संयोजक, एम.आइ.एस अपरेटर, सुपरीवेक्षक, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, उद्यम सहजकर्ता, पोषण सहजकर्ता, सव इन्जिनियर, फिल्ड सहायक, अ.न.मी, ल्याब. असिस्टेन्स, खरिदार, गणक, ना.प.स्व.प्रा., टाइपिस्ट, स्वीपर, ह.स.चा, चौकिदार र कार्यालय सहयोगी पदमा 50 जना कर्मचारीहरु करारमा राखी कर्मचारी पारिश्रमिक शिर्षक र करार सेवा शुल्क शिर्षकबाट करार कर्मचारी तलब भत्ताका लागि जम्मा रु.46,49,246। खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको मे.अ., सुचना प्रविधि कर्मचारी, रोजगार संयोजक, एम.आइ.एस अपरेटर, सुपरीवेक्षक, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, उद्यम सहजकर्ता, पोषण सहजकर्ता, सव इन्जिनियर, फिल्ड सहायक, अ.न.मी, ल्याब. असिस्टेन्स, खरिदार, गणक, ना.प.स्व.प्रा., र टाइपिस्ट 35जना करार नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.३ | | | **सहायक कम्प्युटर अपरेटर** – पिपरा गाउँपालिकाले मिति 2077/7/18 गते पदपूर्ति सम्बन्धि सुचाना आवेदन माग गरी विज्ञापन नं 5/2077/78 बाट सहायक कम्प्युटर अपरेटर पदका लागि 10 सिट आवेदन माग गरेकोमा मिति 2077/8/26 गते संचालित लिखित परीक्षामा मिति 2077/11/26 गते प्रकाशित सुचना अनुसार उत्तीर्ण भएका उम्मेदवारहरुको मिति 2077/12/03 गते लिइएको अन्तरवार्ता तथा अनुपस्थित भएका उम्मेदवारहरुको मिति 2077/12/4 गते लिइएको अन्तरवार्तामा सफल भएका उम्मेदवारहरुको योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरी मिति 2077/12/4 मा सिफारिसको सुचना प्रकाशन भएकोमा क्रमशः 10 जना व्यक्ति रंधिर कुमार मंडल, सुरज कुमार मिश्र, धिरज कुमार चौधरी, अवजित कुमार ठाकुर, रामलाल मुखिया, पुनम कुमारी, जितेन्द्र महरा, कमल कुमार ठाकुर, अजय कुमार दास र पप्पु कुमार महतोलाई च.नं 629 मिति 2077/12/20 मा मिति 2077/12/22 देखि 2078/ अषाढ मसान्त सम्म करार नियुक्ति गरेकोमा च.नं 630 मिति 2077/12/20 गते मिति 2077/7/26 को निर्णयमा वार्ता द्वारा भनी विज्ञापन खोलेको र सिफारिस गरेको संख्या भन्दा बाहेक दुइ जना व्यक्ति मो. अहमद रेजा र धर्मेन्द्र दासलाई मिति 2077/12/22 – 2078 अषाढ मसान्त सम्म करार पदमा नियुक्त गरी निम्नानुसार तलब भत्ता दिएको देखिन्छ। यसरी करारमा कर्मचारी आवश्यक नै परेको खण्डमा विज्ञापनको अन्तिम नतिजाबाट बैकल्पिकमा परेका उम्मेदवारलाई प्राथमिकता दिइ करारमा नियुक्ति दिनुपर्नेमा विज्ञापन खोलेको पद संख्या र सिफारिस गरेको संख्या भन्दा दुई जना बढी व्यक्तिलाई परीक्षाको प्रक्रियामा सामेल नै नगराई नियुक्ति गरेको नियमसम्मत नदेखिएको रु. | १५९,६६० |

| क्र.सं | विज्ञापन बाहेक नियुक्ति भएका स.क.अ को नाम | नियुक्ति अवधि | आ.व.2077/78 मा भुक्तानी भएको तलब भत्ता |
|---|---|---|---|
| 1 | स.क.अ. मो. अहमद रेजा | 2077/12/22 – 2078 अषाढ मसान्त | 79830 |
| 2 | स.क.अ. धर्मेन्द्र दास | 2077/12/22 – 2078 अषाढ मसान्त | 79830 |
| | जम्मा | | 159660 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | **तलबी प्रतिवेदन पारित नगरेको**- निजामती सेवा ऐन, 2049 को दफा 7.ख. (2) बमोजिम तलब भुक्तानी गर्दा जिल्लास्थित निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानीय तहका कर्मचारिको हकमा सम्बन्धित कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले तलबी प्रतिबेदन पास नगराई तलब खुवाउन नहुने व्यवस्था रहेकोमा पालिकाको छैठौँ गाउँसभाले जिविस तर्फका 12 जना कर्मचारीको मात्र तलबी प्रतिवेदन पारित गरी बाकीको आर्थिक वर्ष 2077/78 को तलबी प्रतिवेदन पारित नगरी पालिका तर्फ रु.1,18,67,077। खर्च लेखेको छ। अतः तलबी प्रतिबेदन पास नगरी तलब खर्च लेख्दा दरबन्दी भन्दा बढी कर्मचारीको तलव खर्च र ग्रेड रकम भुक्तानी हुनसक्ने भएकोले ऐनको पालना गरी मात्र तलब भुक्तानी गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानको गाउँपालिका चालुबाट तलब भत्ता भुक्तानी गरेको अनियमित रु. | ५,७००,७०० |

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| 7-77/6/24 चालु | बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गा.पा थप प्रथम चौमासिक | 1112500 |
| 8-77/6/24 चालु | बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गा.पा थप प्रथम चौमासिक | 692500 |
| 19-77/6/29 चालु | छुट निजि स्रोत शिक्षकहरुको प्रथम चौमासिक | 140000 |
| 46-77/7/5 चालु | सरस्वती प्रा.वि बालविकास स.का पारिश्रमिक | 40000 |
| 202-77/10/19 चालु | बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गा.पा थप दोश्रो चौमासिक | 741800 |
| 203-77/10/19 चालु | बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गा.पा थप दोश्रो चौमासिक | 858000 |
| 457-78/2/26 चालु | बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गा.पा थप तेश्रो चौमासिक | 1961100 |
| 460-78/2/26 चालु | बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गा.पा थप तेश्रो चौमासिक | 154800 |
| | जम्मा | 5700700 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **पदाधिकारी सेवा सुविधा र आर्थिक सहायता वितरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **पदाधिकारी सेवा सुविधा** – स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, 2075 को दफा 3 मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसुची 2 बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा वापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदालतको आदेशले 2076 कार्तिक 1 गतेबाट लागु हुने गरी उक्त सुविधाहरु खारेज गरेकोमा आर्थिक वर्ष 2076/77 मा पालिकाका पदाधिकारीहरुले 2076 असोज सम्मको मात्र पारिश्रमिक बुझेको देखियो। मिति 2077/03/31 मा आएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, 2077 को दफा 3 को उपदफा 2 ले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, 2075 र अनुसुची बमोजिम मासिक सुविधा नपाएको पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि यस ऐन बमोजिमको सुविधा पाउने व्यवस्था गरी आर्थिक वर्ष 2077/78 मा मिति 2076 कार्तिक देखि 2078 अषाढ सम्म 38 जना जनप्रतिनिधिलाई सेवा सुविधा वापत विभिन्न भौचरबाट पारिश्रमिक पदाधिकारी शिर्षक र अनुगमन, मूल्याङ्कन खर्च शिर्षकबाट जम्मा रु.1,17,43,310। भुक्तानी खर्च गरेको छ। साथै वडा नं 6 का वडाध्यक्ष रामदेव हाथी सुडी र वडा नं 1 का वडा सदस्य दिलीप कुमार साहलाई मिति 2074 फागुन देखि 2076 असोज सम्मको सुविधा भनी रु.5,60,000। भुक्तानी खर्च गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **पदाधिकारी दोहोरो सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, 2077 को दफा 4 उपदफा 1 र 2 बमोजिम स्थानीय तहका पदाधिकारीहरुलाई यातायात वापत सवारी साधन उपलब्ध भएको अवस्थामा अनुसुची ख बमोजिमको इन्धन र मोबिल खर्च उपलब्ध गराइने र उपदफा 3 मा यस्ता पदाधिकारीलाई यातायात खर्च वापत भुक्तानी दिन नहुने व्यवस्था रहेकोमा निम्नानुसारका पदाधिकारीहरुले निम्नानुसार नम्बरको मोटरसाइकल, ईन्धन र मोबिल लिएकोमा पुनः अनुसुचीमा भएको यातायात खर्च मासिक सुविधा भुक्तानी लिएकोले दोहोरो सुविधा सम्बन्धितबाट असुल हुनु पर्ने रु. | २५,६६६ |

| पदाधिकारीको नाम र पद | मो.सा. | मो.सा. फिर्ता मिति | भुक्तानी लिएको महिना | भुक्तानी दर | रकम |
|---|---|---|---|---|---|
| वडा नं 1 वडाध्यक्ष | मो.सा यमाहा | 7/5/2077 | 2077 कार्तिक–2078 अषाढ | मासिक रु.10000। | 1333 |
| वडा नं 3 वडाध्यक्ष | मो.सा यमाहा | 7/6/2077 | 2077 कार्तिक–2078 अषाढ | मासिक रु.10000। | 1667 |
| वडा नं 5 वडाध्यक्ष | मो.सा यमाहा | 7/5/2077 | 2077 कार्तिक–2078 अषाढ | मासिक रु.10000। | 1333 |
| वडा नं 6 वडाध्यक्ष | मो.सा यमाहा | 8/30/2077 | 2077 कार्तिक–2078 अषाढ | मासिक रु.10000। | 20000 |
| वडा नं 7 वडाध्यक्ष | मो.सा यमाहा | 7/5/2077 | 2077 कार्तिक–2078 अषाढ | मासिक रु.10000। | 1333 |
| | | जम्मा | | | 25666 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **अन्य कार्यालयलाई आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।पालिकाले आफ्नो स्वीकृत कार्यक्रम शिर्षकबाट निम्नानुसार कार्यलयलाई अध्यक्षको तोकादेशमा निम्नानुसारका कार्य गर्नका निम्ति आर्थिक सहायता वापत रु १२३५६२ भुक्तानी गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ । | |

| गो.भौ.नं/मिति | कार्यालयको नाम | वापत | रकम |
|---|---|---|---|
| 2-77/6/20 | ईलाका प्रहरी कार्यालय सहोड्वा महोत्तरी | सवारी साधन मर्मत ना 1 झ 614 | 23258 |
| 55-77/7/6 | ईलाका प्रहरी चौकी वडा नं 6 | सवारी साधन मर्मत | 5000 |
| 80-77/7/24 | ईलाका प्रहरी कार्यालय सहोड्वा महोत्तरी | सवारी साधन मर्मत ना 1 झ 614, बा 2 ब 5764 नं मोटरसाइकल | 27588 |
| 145-77/8/30 | ईलाका प्रहरी कार्यालय सहोड्वा महोत्तरी | सवारी साधन मर्मत ना 1 झ 614 | 28053 |
| 525-78/3/28 | ईलाका प्रहरी कार्यालय सहोड्वा महोत्तरी | सवारी साधन मर्मत ना 1 झ 614 | 39663 |
| | जम्मा | | 123562 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.४ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक सहायता सम्बन्धि कार्यविधि वेगर वडा स्तरीय र गाउँपालिका स्तरीय वजेट छुट्याइ तोकादेशमा, निवेदन, आशिंक रुपमा वडा सिफारिस, आंशिक रुपमा वडा समिति वैठकको निर्णय र आंशिक रुपमा बिल भर्पाइ राखी ४3 जना व्यक्ति र ८ वटा संघसंस्था वा समितिलाई रु.५,०००। देखि रु.७५,०००। सम्म धार्मिक पुजापाठ गर्न र अन्य प्रयोजनका लागि धार्मिक तथा सांस्कृतिक सहायता शिर्षक, अन्य संस्थालाई अनुदान शिर्षकबाट वडास्तरमा रु.४,५२,५७५। र सांस्कृतिक एवम् धार्मिक कार्यक्रम खर्च शिर्षक, औषधी उपचार खर्च कर्मचारी शिर्षक, धार्मिक तथा सांस्कृतिक सहायता शिर्षक, विविध खर्च शिर्षकबाट पालिकास्तरमा रु.६,२०,७३९। गरी जम्मा रु.१०,७३,३१४। आर्थिक सहायता वापत भुक्तानी गरेको रकम नियमानुसार नदेखिएको रु. | १,०७३,३१४ |
| १६ | | | **नापी किताब**<br>निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ अनुसार चेनेज, सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान गर्नु हुदैन भन्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमूना छनोट गरि अध्ययन गर्दा योजनाहरुमापालिकाले योजनाको विस्तृत लागत अनुमान तयार नगरेको, नापी किताब लुज सिटमा राख्ने गरेको, चेनेज तथा अद्यावधिक काम नखुलाएको, योजनालाई टुक्राएर वर्षैपिच्छे खण्ड खण्डमा काम गरेको पाईयो । अघिल्लो बिलसम्म भएको कामको परिमाण नखुलेकोले काममा दोहोरापना भए नभएको यकिन गर्न सकिएन । विस्तृत लागत अनुमान तयार नगर्ने, योजना खण्डीकरण गर्ने र योजनाको नापी किताब स्वीकृत ढाँचाअनुसार नराख्ने प्रवृत्तिमा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को क्रियाकलाप नं 11.1.2.1 को 8.4 (छ) मा विद्यालय भौतिक कार्यक्रमहरुका लागि विद्यालयसँग सम्झौता भए पश्चात पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको 30 प्रतिशत निकाशा दिने व्यवस्था भएकोमा निम्नानुसारका विद्यालयहरुलाई 100 प्रतिशत अनुदान निकाशा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु. | ५,०४०,००० |

| गो.भौ.नं/मिति | विद्यालयको नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| विभिन्न | मा.वि वनौली वडा नं 7 | चार कोठे भवन | 3600000 |
| विभिन्न | आधारभुत विद्यालय अलिपट्टी | शौचालय निर्माण | 700000 |
| 461-78/2/26 चालु | सरस्वती आधारभुत विद्यालय सहोड्वा | शौचालय मर्मत | 200000 |
| 461-78/2/26 चालु | राष्ट्रिय मा.वि. अत्तराढ | गुणस्तर सुधार | 40000 |
| 461-78/2/26 चालु | समशुल हुदा इसलामिया मदरसा | शौचालय निर्माण | 500000 |
| | जम्मा | | 5040000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td>204</td><td>२०७७-१०-२३</td><td>मदरसाहरुको स्तरउन्नतीका लागि अनुदान<br>गाउँपालिका चालु - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसारका मदरसालाई कार्यपालिका वैठकको मिति 2077/8/30 को निर्णय नं 3 का आधारमा आवश्यकता र विद्यार्थीहरुका आधारमा रकम दिने निर्णय गरी अनुदान रकम मदरसाको खातामा भुक्तानी गरेकोमा के वापत अनुदान भुक्तानी गरिएको हो, विद्यार्थी संख्या, कामको बिल भर्पाइ, कार्यसम्पन्न प्रतिवेदन र पालिकाले उक्त कार्यको अनुगमन गरेको प्रतिवेदन पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>मदरसाको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>1</td><td>मर्कज दाबले इस्लामी फैजाने मदिना मदरसा वडा नं 2 अह्लिपट्टी</td><td>400000</td></tr>
<tr><td>2</td><td>समशुल हुदाइस्लामिया मदरसा एकराहिया, गम्हरिया पिपरा गा.पा. वडा नं 1</td><td>200000</td></tr>
<tr><td>3</td><td>दारुल उलुम कादरिया मिस्बाहुल मुस्लेमिन मदरसा पिपरा गा.पा. वडा नं 2 अह्लिपट्टी</td><td>400000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1000000</td></tr>
</table></td><td>१,०००,०००</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 94, 95 र 96 मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा 2077 असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्टि गरी वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 97, 98 र 104 अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता 2075 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन। | |
| १९.३ | | | पालिकाले सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक, पर्ती, ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्दछ। तर यस पालिकाले सो बमोजिम गरेको देखिएन। | |
| १९.४ | | | पालिका अन्तर्गतका कोषहरुको विवरण अध्यावधिक नरहेको, कोषको आय प्राप्तिको उपयोग नरहेको साथै कोषको अभिलेख अध्यावधिक नरहेको देखियो। | |
| २० | 149 | २०७८-३-२३ | **स्यानिटरी प्याड**<br>**सशर्त** – कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को 10 क्रियाकलाप 2.7.13.23 सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान वापत कार्यालयले टेण्डर प्रक्रिया मार्फत साइन जेनेरल अर्डर सप्लायर्स संग 16910 थान प्याकेट खरिद गरी रु.17,00,638। भुक्तानी गरी उक्त खरिद गरिएका स्यानिटरी प्याडहरु स्टोरमा दाखिला गरी मौज्दात बाकी रहेकोमा आ.व. 2078/79 मा मौज्दात बाट व्यवस्थापन गरी आवश्यकता मात्र खरिद गर्न सम्बन्धित निकायको ध्यान जानु पर्दछ। | |
| २१ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम 47 को उपनियम 4 बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको 15 दिन भित्र फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। साथै नियम 51 को उपनियम 1 मा तोकिएको म्याद भित्र फछ्र्यौट नगरेमा म्याद नाघेको मितिले वार्षिक 10 प्रतिशत का दरले ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्षको अन्त सम्म बाँकी रहेको पेश्की नियमावलीमा भएको व्यवस्था अनुसार असुल फछ्र्यौट हुनुपर्ने रु | ५,०४०,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| ३६ | 338 | २०७७-१२-२६ | **झुल खरिद**<br>**गाउँपालिका चालु** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले यस वर्ष सबै वडा अन्तरगत रहेका एकल महिला तथा विधवाहरुलाई वितरण गर्नका निम्ति टेन्डर प्रक्रियाबाट ऋषभ जेनरल सप्लायर्स (609289970) बाट 1740 पिस Ordinary Mosquito net (double bed) मेडिकेटेड झुल रु.500। का दरले (मु.अ.कर बाहेक.) बिल नं 10-2077/12/10 गते जम्मा रु.9,83,100। मा खरिद गरेकोमा उक्त झुल लेखापरीक्षण अवधि मिति 2078/12/27 गते सम्म पनि वितरण नगरी जिन्सी खाता खर्च भएर जानेमा पाना नं 45 मा दाखिला गरी स्टोरमा राखेको देखियो। यसरी मेडिकेटेड झुल जसको स्पेशिफिकेशनमा भएको विशेषताहरु हेर्दा खरिद भएको एक वर्ष सम्म पनि वितरण नगरी स्टोरमा राख्दा यसको प्रभावकारीता र यसमा रहेको औषधीजन्य विशेषता हराउने देखियो। जिन्सी खाताको अध्ययन गर्दा गत आ.वको अल्या भनी 1210 थान झुल स्टोरमा रहेको अवस्थामा पुनः टेन्डर प्रकियाबाट 1740 थान झुल खरिद गरी जम्मा 2950 थान झुल वितरण नगरी स्टोरमा राखेको कार्य नियम सम्मत नदेखिनुका साथै सरकारी रकमको सदुपयोग गरी आवश्यकताका आधारमा खर्च गर्नुपर्नेमा स्टोरमा राखेर वितरण नगरी यति धेरै परिमाणमा सामाग्री राखेको सम्बन्धमा खरिद प्रक्रियामा संलग्न पदाधिकारी र कर्मचारी जिम्मेवार बन्नुपर्ने देखिन्छ। यसरी वितरण गर्ने उद्देश्यले खरिद भएको झुल र बाकी स्टोरमा रहेको झुलहरु सम्बन्धितलाई वितरण नगरेकोले कार्यालयले उक्त सामाग्रीहरुको वितरणको छनौट प्रक्रिया, सिफारिस, वितरण भर्पाइ, वितरण गरेको फोटो, सहित अनुगमन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ९८३,१०० |
| ३७ | 188 | २०७७-१०-११ | **महिला पदाधिकारीहरुको भ्रमण**<br>**गाउँपालिका चालु** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले महिला पदाधिकारीहरुको भ्रमण शिर्षक र प्रतिनिधि कर्मचारी भ्रमण अवलोकन खर्च शिर्षकबाट महिला पदाधिकारीहरुलाई विभिन्न स्थानमा भ्रमण गरे वापत जम्मा रु.4,99,500। वडा सदस्य सतिया देवी महरालाई सोधभर्ना दिएकोमा जम्मा 18 थान बिल पेश गरी रु.4,25,535। खर्च भएकोले बिल भन्दा बढी भुक्तानी दिएको रकम सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्ने रु. | ७३,९६५ |
| ३८ | | | **दैनिक भ्रमण र अनुगमन भत्ता भुक्तानी** | |
| ३८.१ | | | **कर्मचारी अनुगमन भत्ता - गो.भौ.नं/मिति – 336-77/12/25 चालु र 572-78/3/20 चालु** - कार्यालयमा कार्यरत कर्मचारीहरुले कुनै पनि योजना वा | ६१३,२७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

कार्यक्रमको अनुगमन र मुल्याङ्कन गरेवापत भ्रमण खर्च नियमावली, 2064 मा भएको व्यवस्था अनुसारको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका 2075 (सातौँ संस्करण) मा पनि व्यवस्था नभएको कर्मचारी अनुगमन भत्ता वापत कार्यालयले निम्नानुसारका कर्मचारीहरुलाई भत्ता भुक्तानी गरेको कानुनी आधार पेश नभएकोले सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु.

| क्र.सं | कर्मचारीको नाम र पद | अनुगमन संख्या/दिन | अनुगमन दर प्रति दिन/संख्या | भुक्तानी रकम कर बाहेक |
|---|---|---|---|---|
| 1 | प्र.प्र.अ. सावन कुमार चौधरी | 91 | रु.1000 | 77350 |
| 2 | प्र.प्र.अ. राज किशोर झा | 65 | रु.1000 | 55250 |
| 3 | योजना शाखा प्रमुख मणि ठाकुर | 176 | रु.1000 | 149600 |
| 4 | आर्थिक शाखा प्रमुख राम सागर यादव | 176 | रु.1000 | 149600 |
| 5 | स.ई. श्याम किशोर मण्डल | 73 | रु.1000 | 62050 |
| 6 | स.ई. संजित यादव | 68 | रु.1000 | 57800 |
| 7 | सु.प्र.अ. राजिव झा | 15 | रु.1000 | 12750 |
| 8 | लेखा सहायक कमल ठाकुर | 20 | रु.1000 | 17000 |
| 9 | का.स. राज किशोर मण्डल | 20 | रु.1000 र रु.500 | 12750 |
| 10 | का.स अवोध मण्डल | 15 | रु.500 | 6375 |
| 11 | का.स गार्गी राय | 15 | रु.500 | 6375 |
| 12 | ह.स.चा लक्ष्मेश्वर दास तत्मा | 15 | रु.500 | 6375 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>613275</td></tr></table></td><td></td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>भ्रमण गर्दा गाडी रिजर्भ – भ्रमण खर्च नियमावली 2064 (चौथोँ संसोधन) को नियम 4 को उपनियम 1 मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयका निम्नानुसारका पदाधिकारी र कर्मचारीहरुले कार्यालयको कामको सिलसिलामा भ्रमण गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम किफायती र कम खर्चिलो सवारी साधन प्रयोग गर्नुपर्नेमा गाडी रिजर्भ गरी भ्रमण गरेकोले कार्यालयमा आर्थिक व्ययभार बढ्न गएको रु.
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>भ्रमण गर्नेको नाम थर</th><th>भ्रमण स्थान</th><th>भ्रमण मिति</th><th>रिजर्भ भ्रमण साधन</th><th>भ्रमण साधन रकम कर बाहेक</th></tr>
<tr><td>271-77/11/25</td><td>ज.स्वा.नी राजेन्द्र राय</td><td>काठ्माडौँ</td><td>2077/10/8-14</td><td>चार पाङ्ग्रे गाडी</td><td>25200</td></tr>
<tr><td>402-78/1/17</td><td>वडाध्यक्ष किशोरी महतो</td><td>सिन्धुली</td><td>2077/12/13-19</td><td>चार पाङ्ग्रे गाडी</td><td>20370</td></tr>
<tr><td>496-78/3/20</td><td>ल्याब.अ. प्रविण चौधरी</td><td>काठ्माडौँ</td><td>2078/3/12-20</td><td>चार पाङ्ग्रे गाडी</td><td>13500</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>59070</td></tr>
</table></td><td>५९,०७०</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.३ | | | **पदाधिकारी जिल्लाभित्र भ्रमण भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, 2077 को दफा 9 को उपदफा 4 मा भएको व्यवस्था अनुसार पदाधिकारी तथा सदस्यले आफ्नो जिल्ला बाहिर भ्रमण गर्दा मात्र भ्रमण भत्ता पाउनेमा निम्नानुसारका पदाधिकारीले जिल्ला भित्र भ्रमण गरेको अवस्थामा पनि भ्रमण भत्ता भुक्तानी लिएकोले ऐनमा नभएको सुविधा वापत भुक्तानी लिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | २६,००० |

| गो.भौ.नं/मिति | पदाधिकारीको नाम र पद | भ्रमण मिति | भ्रमण स्थान | रकम |
|---|---|---|---|---|
| 571-78/3/30 चालु | उपाध्यक्ष ननु कुमारी दास | 2078/3/2-3/8 | वर्दिबास | 13200 |
| 571-78/3/30 चालु | उपाध्यक्ष ननु कुमारी दास | 2078/3/20-3/27 | वर्दिबास | 13200 |
| | जम्मा भ्रमण बिल | | | 26400 |
| | जम्मा भुक्तानी | | | 26000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.४ | | | **भ्रमण आदेश आफै स्वीकृत भएको वा स्वीकृत नभएको** – भ्रमण खर्च नियमावली 2064 (चौथौँ संसोधन) को नियम 3 मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्न नहुने व्यवस्था छ। उक्त नियमको उपनियम 2 मा भ्रमण आदेश गर्ने पदाधिकारी वा कर्मचारीको व्यवस्था गरिएको छ। कार्यालयका निम्नानुसारका कर्मचारीहरुले नियमानुसार भ्रमण आदेश एक तह माथीको पदाधिकारीबाट स्वीकृत नगरी आफै स्वीकृत गरेको वा भ्रमण आदेश र भ्रमण बिल नियमानुसार स्वीकृत नगरेकोले उक्त भ्रमण भत्ता वापत भुक्तानी भएको रकम नियमानुसार नदेखिएको रु. | ४६,१०० |

| गो.भौ.नं/मिति | कर्मचारीको नाम र पद | भ्रमण मिति | भ्रमण स्थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| 14-77/6/28 चालु | प्र.प्र.अ. सावन कुमार चौधरी | 2077/6/15-6/19 | वर्दिबास न.पा | 7800 | भ्रमण आदेश आफै स्वीकृत |
| 14-77/6/28 चालु | प्र.प्र.अ. सावन कुमार चौधरी | 2077/6/23-6/28 | वर्दिबास न.पा | 9000 | भ्रमण आदेश आफै स्वीकृत |
| 194-77/10/13 चालु | प्र.प्र.अ. सावन कुमार चौधरी | 2077/9/13-17, 10/7-10/11 र 9/20-21 | वर्दिबास | 14800 | भ्रमण आदेश आफै स्वीकृत |
| 344-77/12/29 चालु | ले.अ. राम सागर यादव | 2077/12/18-24 | विराटनगर | 14500 | भ्रमण आदेश र भ्रमण बिल स्वीकृत नभएको |
| | जम्मा | | | 46100 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.५ | | | **हाजिरी गरी दैनिक भ्रमण भत्ता** - भ्रमण खर्च नियमावली 2064 (चौथौँ संसोधन) बमोजिम सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ । कार्यालयमा निम्नानुसारका कर्मचारीले हाजिरी गरेको मितिमा दैनिक भ्रमण भत्ता भुक्तानी लिएको साथै एकै मितिमा दोहोरो भत्ता भुक्तानी लिएकोले उक्त भ्रमण भत्ता रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु. | ३७,२८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गो.भौ.नं/मिति | कर्मचारीको नाम र पद | भ्रमण मिति | भ्रमण स्थान | हाजिरी मिति / गो.भौ.नं | रकम | |
| | | | 14-77/6/28 चालु | प्र.प्र.अ. सावन कुमार चौधरी | 2077/6/15-6/19 | वर्दिबास न.पा | 2077/6/15-6/19 | 7800 | |
| | | | 14-77/6/28 चालु | प्र.प्र.अ. सावन कुमार चौधरी | 2077/6/23-6/28 | वर्दिबास न.पा | 2077/6/25-6/28 | 6400 | |
| | | | 64-77/7/20 चालु | ले.अ. राम सागर यादव | 2077/6/12-6/18 | वर्दिबास न.पा | गो.भौ.नं 17-77/6/19 बाट 2077/6/12-15 सम्मको भुक्तानी भइ सकेको | 6400 | |
| | | | 222-77/10/27 चालु | ले.अ. राम सागर यादव | 2077/10/21-10/27 | विराटनगर | 2077/10/25-10/27 | 3200 | |
| | | | 274-77/11/26 चालु | ले.अ. राम सागर यादव | 2077/10/28-11/4 | वर्दिबास | 2077/10/28-30 | 4800 | |
| | | | 307-77/12/11 चालु | क.अ. मणि ठाकुर | 2077/11/5-11/11 | काठ्माडौँ | 2077/11/10-11 | 1600 | |
| | | | 310-77/12/12 चालु | ले.अ. राम सागर यादव | 2077/12/4-12/10 | काठ्माडौँ | 2077/12/9-12/10 | 1600 | |
| | | | 453-78/2/24 चालु | अधिकृत राम प्रबोध ठाकुर | 2077/12/9-12/12 | जनकपुरधाम र वर्दिवास | 2077/12/9-12/12 | 5480 | |
| | | | | जम्मा | | | | 37280 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.६ | 14 | २०७७-६-२८ | **अन्य कार्यालयमा हुँदाको भ्रमण भत्ता भुक्तानी** – (गा.पा. चालु) - भ्रमण खर्च नियमावली 2064 (चौथौँ संसोधन) अनुसार कुनै पनि कर्मचारी वा पदाधिकारीले कार्यालयको कामको सिलसिलामा काजमा खटिदा नियमानुसार दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। प्रमुख प्रशासकिय अधिकृत सावन कुमार चौधरीको मिति 2077/6/8 गते बटेश्वर गाउँपालिका धनुषादेखी पिपरा गाउँपालिका महोत्तरी सरुवा भइ मिति 2077/6/9 गते देखि हाजिरी भएकोमा उक्त हाजिरी गरेको मिति भन्दा पहिलेको मितिको दैनिक भ्रमण भत्ता पिपरा गाउँपालिका बाट भुक्तानी लिएकोले हाजिरी मिति भन्दा अधिको भ्रमण भत्ता कार्यालयबाट भुक्तानी लिन मिल्ने कानुनी आधार नभएकोले उक्त रकम असुल हुनुपर्ने रु. | ४६,६०० |

| क्र.सं | भ्रमण मिति | बहाल रहेको कार्यालय | भ्रमण स्थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 2077/4/1-4/5 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 7800 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| 2 | 2077/4/11-4/14 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 6200 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| 3 | 2077/4/19-4/21 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 4600 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| 4 | 2077/4/26-4/30 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 7800 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| 5 | 2077/5/4-5/9 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 9400 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| 6 | 2077/5/17-5/19 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 4600 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| 7 | 2077/5/29-5/31 | बटेश्वर गाउँपालिका धनुषा | जनकपुर | 6200 | भ्रमण आदेश आफै स्वीकृत गरेको |
| | | जम्मा | | 46600 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.७ | | | **पदाधिकारी अनुगमन भत्ता – गो.भौ.नं/मिति – 336-77/12/25 चालु र 572-78/3/20 चालु -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, 2077 को दफा 8 को उपदफा 1 र 2 बमोजिम अनुगमन वापत आफ्नो क्षेत्रभित्र स्थानीय तहले संचालन गरेका आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा 3 पटक सम्मको अनुगमन प्रतिवेदन राखी अनुसुची बमोजिमको भत्ता पाउने व्यवस्था गरेको छ। पालिकाका निम्नानुसारका पदाधिकारीहरुले स्थानीय तहमा संचालित विभिन्न योजनाको अनुगमन गरे वापत भनी प्रति योजना रु.1000। का दरले भुक्तानी लिएकोमा ऐनमा भएको व्यवस्था भन्दा मासिक बढी संख्यामा अनुगमन भत्ता वापत भुक्तानी लिएको रकम बढी भएका कारण सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्ने रु. | २०१,०२५ |

| क्र.सं | पदाधिकारीको नाम र पद | अनुगमन गरिएको महिना | अनुगमन संख्या/दिन | पाउने दर | पाउने संख्या | भुक्तानी दर | बढी भुक्तानी संख्या | बढी भुक्तानी रकम कर बाहेक |
|---|---|---|---|---|---|---|---|---|
| 1 | गा.पा.अध्यक्ष विक्रम चौधरी | 2077 पुस देखि 2078 अषाढ सम्म | 176 | प्रति पटक रु.3000। | मासिक 3 वटाका दरले 21 वटा | प्रति अनुगमन रु.1000। | 155 वटा | 96050 |
| 2 | गा.पा. उपाध्यक्ष ननु कुमारी दास | 2077 पुस देखि 2078 अषाढ सम्म | 176 | प्रति पटक रु.2500। | मासिक 3 वटाका दरले 21 वटा | प्रति अनुगमन रु.1000। | 155 वटा | 104975 |
| | जम्मा | | | | | | | 201025 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.८ | | | **20 कि.मि भित्र दैनिक भ्रमण भत्ता** - भ्रमण खर्च नियमावली 2064 (चौथौँ संसोधन) को नियम 10 को उपनियम 1 मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट 20 किलोमिटर भन्दा बढी दुरी भएको अर्को कार्यालयमा काज, सरुवा, बढुवा वा कायम मुकायम मुकरर भइ जाने पदाधिकारी वा कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता पाउनेमा कार्यालयबाट 20 किलोमिटर भित्र भ्रमण गर्दा वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने उल्लेख छ। कार्यालयका निम्नानुसारका कर्मचारीहरुले निम्नानुसारको भौचरबाट पालिका भित्र काज गएको भनी वा कार्यालय भन्दा 20 कि.मि भित्र पर्ने स्थानमा भ्रमण गरेको भनी निम्नानुसार भ्रमण भत्ता भुक्तानी लिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | २०,००० |

| गो.भौ.नं/मिति | कर्मचारीको नाम/पद | भ्रमण मिति | भ्रमण स्थान | रकम |
|---|---|---|---|---|
| 571-78/3/20 चालु | अपरेटर धर्मेन्द्र दास | 2078/3/20-3/27 | वडा कार्यालयहरु | 10000 |
| 571-78/3/20 चालु | अपरेटर धर्मेन्द्र दास | 2078/2/20-2/27 | वडा कार्यालयहरु | 10000 |
| | जम्मा | | | 20000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष समानिकरण र राजश्व बाँडफाँड तर्फको विविध शिर्षकबाट खाना, खाजा तथा कार्यक्रममा पालिका स्तरमा रु.47,63,000। र प्रत्येक वडालाई वार्षिक रुपमा रु.1,00,000। गरी 7 वटा वडालाई जम्मा रु.4,74,000।। गरी रु.52,37,000। विविध खर्च गरेको छ ।त्यस्तै विविध कार्यक्रम खर्च शिर्षकबाट पालिकाले यस आ.व.मा रु.4,33,000। खर्च गरेको छ। खर्च गरेको रकमको बिल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चको उद्वेश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **सवारी साधन/अन्य सामाग्री मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली 2064 (दशौँ संसोधन) को नियम 96 मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ।उक्त व्यवस्था अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नुपर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सोको लागत अनुमान तयार गर्ने र सो स्वीकृत भए पश्चात नियमावलीमा भएको व्यवस्था बमोजिम मालसामान मर्मत गरी खरिद गरिएका वा फेरिएका सामाग्रीको नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न सवारी साधन र इलेक्ट्रोनिक्स सामाग्रीको मर्मत गर्दा मर्मत आदेश र लागत अनुमान वेगर जिन्सी दाखिला नगरी फर्मको बिलका आधारमा सवारी साधन मर्मत खर्च शिर्षकबाट रु.19,62,164।, विविध खर्च शिर्षकबाट रु.59,450।, अन्य कार्यालय संचालन खर्च शिर्षकबाट रु.77,200।, मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकबाट रु.36,550। र निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकबाट रु.2,50,000। गरी जम्मा रु. 23,85,364। खर्च गरेकोमा नियमावलीमा भएको व्यवस्थाको पालना नगरी खर्च गरिएको अनियमित रु. | २,३८५,३६४ |
| ४१ | | | **बिल भर्पाइ वेगर**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले निम्नानुसारका भौचरबाट निम्नानुसारका फर्म र व्यक्तिलाई भुक्तानी गर्दा खर्चलाई पुष्ट्याइ गर्ने बिल भर्पाइ संलग्न नगरेकोले उक्त खर्च यकिन गर्न नसकिएको रु. | ४,४६६,५२० |

| गो.भौ.नं/ मिति | भुक्तानीको विवरण | भुक्तानी पाउनेको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| 58-7/6 | कोभिड सामाग्री ढुवानी र लोड अनलोड | विजय कुमार यादव | 2715 | बिल भर्पाइ वेगर |
| 92-77/7/26 | इन्टरनेट, राउटर र वायरको भुक्तानी | लुप नेटवर्कस प्रा.लि | 21200 | निवेदन स्वीकृत नभइ प्रयोग नखुलेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 98-77/7/27 | लेवर, इलेक्ट्रिसियन र बिजुलीको सामानको भुक्तानी | ल्याब.अ. प्रविण चौधरी | 16795 | डोर हाजिरी प्रमाणित नभएको र सामानको माग फारम, खरिद आदेश र दाखिला नभएको | |
| | | | 103-77/7/28 | मोबाइल फोनको भुक्तानी | मोबाइल मल | 50000 | खर्च संग सम्बन्धित श्रेस्ता पेश नभएको | |
| | | | 106-77/8/8 | गा.पा.स्टोर घरभाडा भुक्तानी | रजनीश कुमार चौधरी | 24000 | सम्झौता र अन्य कागजात वेगर | |
| | | | 110-77/8/11 | भ्रमण भत्ता भुक्तानी | प्र.प्र.अ. सावन कुमार चौधरी | 16000 | भ्रमण आदेश, भ्रमण बिल र भ्रमण प्रतिवेदन वेगर | |
| | | | 120-77/8/17 | आइ.टि.इलेक्ट्रोनिक्स संसार | मोबाइलको बिल भुक्तानी | 54240 | खर्च संग सम्बन्धित श्रेस्ता पेश नभएको | |
| | | | 122-77/8/17 | भ्रमण भत्ता भुक्तानी | सु.प्र.अ. राजिव कुमार झा | 12000 | भ्रमण आदेश र भ्रमण प्रतिवेदन वेगर | |
| | | | 123-77/8/17 | गाडी भाडा वापत भुक्तानी गाडी नं ज 1 च 1831 | लखिन्द्र यादव | 34000 | कार्यालयको मोटरसाइकल प्रयोग गरेकोमा पनि लेखाप्रमुखले प्रयोग गरेको भनी गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | |
| | | | 162-77/9/5 | गाडी भाडा वापत भुक्तानी गाडी नं ज 16 च 650 | रुपनारायण साह | 34000 | कार्यालयको मोटरसाइकल प्रयोग गरेकोमा पनि लेखाप्रमुखले प्रयोग गरेको भनी गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | |
| | | | 168-77/9/16 | आँखा शिविर संचालन | रामेश्वर ठाकुर | 28000 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 176-77/9/22 | गाडी भाडा वापत भुक्तानी गाडी नं ज 16 च 650 | रुपनारायण साह | 49400 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | | |
| | | | | 208-77/10/25 | गाडी भाडा वापत भुक्तानी गाडी नं ज 1 च 1831 | लखिन्द्र यादव | 54600 | कार्यालयको मोटरसाइकल प्रयोग गरेकोमा पनि लेखाप्रमुखले प्रयोग गरेको भनी गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | | |
| | | | | 569-78/3/30 | नवनियुक्त कम्प्युटर अपरेटरहरुलाई 7 दिने तालिम | सु.प्र.अ. राजिव कुमार झा | 123165 | सहजकर्ता, सहभागी र प्रशिक्षकको भत्ता बुझेको भर्पाइ वेगर | | |
| | | | | 225-77/10/28 | भ्रमण भत्ता भुक्तानी | प्र.प्र.अ. सावन कुमार चौधरी | 11200 | भ्रमण आदेश, भ्रमण बिल र भ्रमण प्रतिवेदन वेगर | | |
| | | | | 241-77/11/18 | गाडी भाडा वापत भुक्तानी | राम इश्वर ठाकुर | 19500 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | | |
| | | | | 253-77/11/21 | गाडी भाडा वापत भुक्तानी गाडी नं ज 16 च 650 | रुपनारायण साह | 81900 | कार्यालयको मोटरसाइकल प्रयोग गरेकोमा पनि लेखाप्रमुखले प्रयोग गरेको भनी गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | | |
| | | | | 259-77/11/21 | गाडी भाडा वापत भुक्तानी वडा नं 4 वडाध्यक्षले प्रयोग (बा 12 च 2503) | सुजित कुमार ठाकुर | 20000 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | | |
| | | | | 260-77/11/21 | छुट ग्रेड भुक्तानी | का.स. विजय कुमार चौधरी | 27381 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | | |
| | | | | 303-77/12/11 | वडा समिति वैठक भत्ता वडा नं 1 2077 श्रावण-कार्तिक सम्म | वडा सचिव सुरेश दास | 86400 | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ वेगर | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 313-77/12/12 | गाडी भाडा वापत भुक्तानी | रुपनारायण साह | 50700 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक र सम्बन्धितले बुझेको भर्पाइ बेगर | |
| | | | 316-77/12/12 | छुट सुविधा 2074 फागुन देखि 2077 असोजसम्म | वडा नं 1 वडा सदस्य दिलिप कुमार साह | 180000 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 319-77/12/13 | संचार महसुल | रामसागर यादव | 2000 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 320-77/12/22 | विविध कार्यक्रमका लागि भुक्तानी | जलेश्वर टाइम्स | 110000 | खर्च संग सम्बन्धित श्रेस्ता पेश नभएको | |
| | | | 324-77/12/22 | विजुली पोल र तार सारी साइडमा लगाउने | शम्भु यादव | 32165 | खर्चको पुष्ट्याइ गर्ने प्राविधिक कागजात र बिलभर्पाइ वेगर | |
| | | | 334-77/12/25 | छुट सुविधा 2074 फागुन देखि 2076 भाद्र सम्म | वडा नं 6 वडाध्यक्ष रामदेव हाथी सुडी | 380000 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 347-77/12/29 | गाडी भाडा वापत भुक्तानी | रुपनारायण साह | 66300 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | |
| | | | 372-78/1/6 | ज्यालादारी कर्मचारीको रकम भुक्तानी | - | 1505 | खर्च संग सम्बन्धित श्रेस्ता पेश नभएको | |
| | | | 385-78/1/7 | रोक्का तलब भत्ता भुक्तानी | वडा सचिव अरुण कुमार ठाकुर | 808816 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 391-78/1/7 | सरसफाइ शौचालय | सन्तोष मेस्तर | 12500 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 401- | | | 86400 | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 78/1/17 | वडा समिति वैठक भत्ता वडा नं 1 2077 मंसिर-फागुन सम्म | वडा सचिव सुरेश दास | | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ र 2077 फागुनको बैठक माइन्युट वेगर | |
| | | | 402-78/1/17 | भ्रमण भत्ता भुक्तानी | वडाध्यक्ष वडा नं 1 किशोरी महतो | 7700 | भ्रमण आदेश र भ्रमण प्रतिवेदन वेगर | |
| | | | 403-78/1/17 | पालिका स्तरिय खेलकुद प्रतियोगिता पारिश्रमिक | राम प्रवोध कापर | 105468 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 418-78/2/12 | विविध कार्यक्रम | प्रदेश न्युज नेटवर्क प्रा.ली | 76000 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 434-78/2/17 | शिलबन्दी दरभाउपत्र र बोलपत्र खोलिदा र मुल्याङ्कन गर्दाको भत्ता | 11 जना | 298700 | वैठक भत्ताको माइन्युट वेगर | |
| | | | 454-78/2/24 | वडा नं 4 मा मिति 2077/9/1-78/1/1 सम्म काम गरे वापत | अनिल पासवान | 64000 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 481-78/3/15 | गाडी भाडा वापत भुक्तानी गाडी नं बा 12 च 2503 वडा नं 4 वडाध्यले प्रयोग | सुजित कुमार ठाकुर | 20000 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | |
| | | | 501-78/3/20 | इन्टरनेट जडान वापत भुक्तानी वडा नं 1 र 2 | लिम्पिड आइ.सि.टि सोलुसन | 65520 | इन्टरनेटको सम्झौता, प्राविधिक सिफारिस र वडाको सिफारिस वेगर | |
| | | | 526-78/3/28 | वडा समिति वैठक भत्ता वडा नं 6 (36 | वडा सचिव तारा | 216000 | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ | |

 

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वटा वैठक) | प्रसाद मंडल | | वेगर | |
| | | | 513-78/3/23 | छुट ग्रेड 2077 कार्तिक देखि 2078 वैशाख | स.इ. संजित यादव | 6550 | खर्चको पुष्ट्याइ गर्ने कागजात र बिलभर्पाइ वेगर | |
| | | | 529-78/3/28 | वडा समिति वैठक भत्ता वडा नं 1 2077 चैत-2078 अषाढ सम्म | वडा सचिव सुरेश दास | 86400 | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ वेगर | |
| | | | 530-78/3/28 | वडा समिति वैठक भत्ता वडा नं 3 (आ.व. 2077/78 को पुरै 36 वटा वैठक) | वडा सचिव हरि नारायण महतो | 259200 | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ वेगर | |
| | | | 565-78/3/30 | गाडी भाडा वापत भुक्तानी गाडी नं ज 16 च 650 | रुपनारायण साह | 52000 | गाडीभाडाको सम्झौता, गाडी प्रयोगको लगबुक बेगर | |
| | | | 566-78/3/30 | सुचना प्रकाशन र विज्ञापन फोटो वाइनर छपाइ वापत | प्रदेश न्युज नेटवर्क प्रा.ली | 200000 | 10 थान बिल मात्र पेश, अन्य खर्चलाई पुष्ट्याइ गर्ने कागजात वेगर | |
| | | | 567-78/3/30 | वडा समिति वैठक भत्ता वडा नं 5 (आ.व. 2077/78 को पुरै 36 वटा वैठक) | वडा सचिव विनोद कुमार ठाकुर | 248400 | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ वेगर | |
| | | | 584-78/3/30 | वडा समिति वैठक भत्ता वडा नं 7 (आ.व. 2077/78 को पुरै 36 वटा वैठक) | वडा सचिव हरिवोल मण्डल | 256800 | सम्बन्धित पदाधिकारी र कर्मचारीलाई भत्ता बुझेको भर्पाइ वेगर | |
| | | | 499-78/3/20 | भ्रमण खर्च भुक्तानी | मुन्द्रिका कुमारी | 6900 | बिल भर्पाइ वेगर भुक्तानी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | साह<br>जम्मा 4466520 | |
| ४२ | 538 | २०७८-३-२८ | **कर्मचारी परिचयपत्र छपाई**<br>**गाउँपालिका चालु** - पालिकाबाट प्रेषित कर्मचारी विवरणमा पालिका अन्तरगत 68 जना र स्वास्थ्य संस्था अन्तरगत 60 जना गरी जम्मा 128 जना स्थायी र करार कर्मचारीहरु कार्यरत रहेको देखिन्छ। यसरी कार्यालयले अमृत मिडिया प्रा.ली (609772672) को भ्याट बिल नं 183-78/1/30 बाट कार्यालयका 90 जना कर्मचारीको परिचयपत्र निर्माण गरेवापत रु.65,540। भुक्तानी दिएकोमा गो.भौ.नं 436-78/2/19 मा दुर्गा अफसेट प्रेस (612447060) को विभिन्न टुक्रे बिल नं 500, 490, 458 र 480 बाट 92 जना कर्मचारीको परिचयपत्र निर्माण वापत रु.63,980। भुक्तानी खर्च गरेकोमा कार्यालयमा जम्मा 128 जना कर्मचारी रहेको सम्बन्धमा 182 जना कर्मचारीको परिचयपत्र बनेको र उक्त परिचयपत्रहरु नियमानुसार माग फारम, खरिद आदेश, जिन्सी दाखिला र वितरण गरेको नदेखिएकोले दोहोरो खर्च रकमका सम्बन्धमा यकिन गर्न नसकिएको रु. | ६३,९८० |
| ४३ | 360 | २०७७-१२-३१ | **गाडी मर्मत खर्च**<br>**गाउँपालिका चालु** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार रु. २० लाख सम्मको लागत अनुमान भएको मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्नुपर्ने साथै नियमावलीको नियम ९६ मा भएको व्यवस्था बमोजिम रु. ५ हजार भन्दा बढीको पाटपूर्जा प्रतिस्थापन गरिएकोमा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामानको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले रु. ५ लाख भन्दा बढी लागत अनुमान भएको महिन्द्रा स्कार्पियो पिक अप र टेक्टरमा लाग्ने आवश्यक पार्ट पुर्जा लगानको साथै मर्मत र सर्विसिङ्ग कार्यका लागि मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकबाट मिथिला अर्थमुभर्स (612201048) संग कोटेशन मार्फत सोझै खरिद गरेको साथै ५ हजार भन्दा बढी मूल्यको प्रतिस्थापित पाटपूर्जाको नियमानुसार प्राविधिकबाट प्रमाणित नगराई जिन्सी दाखिला समेत गरेको नदेखिएकोले अनियमित रु. | ९६३,००० |
| ४४ | 281 | २०७७-११-२८ | **महिला पदाधिकारी क्षमता अभिवृद्धि तालिम भत्ता**<br>**कार्यक्रम संयोजक, प्रतिवेदक, सहजकर्ता / सपोर्ट स्टाफ भत्ता – गाउँपालिका चालु**– प्रदेश खर्च मापदण्ड निर्देशिका, 2077 को दफा 15 को अनुसुची 2 को 7 मा सहजकर्ता सहयोगीलाई प्रतिदिन रु.250। दिने व्यवस्था भएको, साथै उक्त निर्देशिकाको दफा 15 को अनुसुची 2 को 7(ख) मा संयोजकवापत प्रति दिन रु.400। पाउने र 14(घ) मा भएको व्यवस्था अनुसार प्रतिवेदन वापत एक पटकमा एकमुष्ट रु.2000। पाउनेमा ग्रामिण महिला सशक्तिकरण परियोजना | ७५,२२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (304216204) ले संचालन गरेको महिला पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिममा उक्त निर्देशिकामा भएको व्यवस्था भन्दा बढी दरमा कार्यक्रम संयोजक, प्रतिवेदक, सहजकर्ता र सपोर्ट स्टाफ भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | |

| क्र.सं | नाम थर | दिन | पाउने प्रति दिन/पटक | भुक्तानी प्रति दिन | बढी भुक्तानी कर बाहेक |
|---|---|---|---|---|---|
| 1 | सहजकर्ता राकेश प्रसाद चौधरी | 5 दिन | रु.250 प्रति दिन | रु.3000 | 11688 |
| 2 | सहजकर्ता अजय कुमार झा | 5 दिन | रु.250 प्रति दिन | रु.3000 | 11688 |
| 3 | सहजकर्ता देव कुमार महतो | 5 दिन | रु.250 प्रति दिन | रु.3000 | 11688 |
| 4 | सपोर्ट स्टाफ दिलिप कुमार झा | 5 दिन | रु.250 प्रति दिन | रु.2000 | 7438 |
| 5 | सपोर्ट स्टाफ सुभाष मिश्र | 5 दिन | रु.250 प्रति दिन | रु.2000 | 7438 |
| 6 | सहायक सहजकर्ता अजय साह | 5 दिन | रु.250 प्रति दिन | रु.2000 | 7438 |
| 7 | संयोजक मो. अख्तर रेजा अंसारी | 5 दिन | रु.400 प्रति दिन | रु.3000 | 11050 |
| 8 | प्रतिवेदक मिन्टु पाण्डेय | 5 दिन | रु.2000 प्रति पटक | रु.1000 | 6800 |
| | जम्मा | | | | 75228 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | 406 | २०७८-१-१७ | **कक्षा 8 प्रश्नपत्र निर्माण कार्यशाला सहभागी भत्ता**<br>**गाउँपालिका चालु** - प्रदेश खर्च मापदण्ड निर्देशिका, 2077 को दफा 16 को अनुसुची 3(1) मा भएको व्यवस्था अनुसार कुनै पनि कार्यक्रम वा तालिममा सहभागी भए वापत सहभागी भत्ता वापत प्रति व्यक्ति प्रति दिन रु.700। पाउने व्यवस्था भएकोमा कक्षा 8 को प्रश्नपत्र निर्माण कार्यशाला सम्बन्धि कार्यक्रममा सहभागी भएका 25 जना शिक्षकलाई सहभागी भत्ता वापत प्रति दिन रु.1000। का दरले दुई दिनको भुक्तानी भएकोले निर्देशिकामा भएको व्यवस्था भन्दा बढी दरमा भुक्तानी भएको रकम सम्बन्धित सहभागीहरुबाट असुल हुनुपर्ने रु. | १२,७५० |
| ४६ | 165 | २०७७-९-६ | **नागरिक वडापत्र**<br>**गाउँपालिका चालु** - सार्वजनिक खरिद नियमावली 2064 (दशौँ संसोधन) को नियम 117 मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै नियम 125 मा उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने र परिच्छेद 14 मा खरिद वा निर्माण कार्यको अनुगमन सम्बन्धि व्यवस्था गरिएकोमा महोत्तरी जनचेलनशील समाज (302562149) लाई अन्य कार्यालय संचालन खर्च शिर्षकबाट गाउँपालिका कार्यालय र 7 वटै वडा कार्यालयमा नागरिक वडापत्र परामर्श होडिङ बोर्ड तयारी तथा जडान कार्यको लागि तुलनात्मक चार्टका आधारमा कार्यादेश दिइएकोमा खर्चको बिल भर्पाइ मात्र पेश गरी भुक्तानी लिएकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम प्राविधिकको लागत इस्टिमेट, नापी किताब, ठेक्का सम्बन्धि बिल, कार्य स्वीकार प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन वेगर भुक्तानी दिएको तथा स्थलगत अनुगमन गर्दा वडाहरुमा नागरिक वडापत्र राखेको नपाइएकोले सो सम्बन्धमा एकिन हुनुपर्ने रु. | ४९८,१६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | 102 | २०७७-७-२८ | **दुर्गा पुजा समिति**<br>**गाउँपालिका चालु** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले धार्मिक तथा साँस्कृतिक संस्था सहायता शिर्षकबाट 2077 सालको दुर्गा पुजा वापत दुर्गा पुजा समिति पिपरा 4 का नाममा काटिएको निम्नानुसारका विभिन्न बिलहरुको भुक्तानी गर्दा विभिन्न फर्म, व्यक्तिलाई भुक्तानी दिनुपर्नेमा सम्पूर्ण रकम कृष्ण टेण्ट लाइट साउण्ड हाउस तथा रथ एवम् आकष्ट्रा टोली (605697102) का प्रोपाइटर जोगीन्द्र साहलाई भुक्तानी गरेकोमा दुर्गा पुजा समितिको माइन्युट, कार्यक्रम खर्चको अनुमोदन वेगर समितिको खातामा रकम भुक्तानी हुनुपर्नेमा फर्मको प्रोपाइटरको नाममा रकम भुक्तानी भएको अनियमित रु. | ३०८,३५० |

| क्र.सं | व्यक्ति / फर्मको नाम | बिल नं/मिति | बिल रकम |
|---|---|---|---|
| 1 | श्री आकाश स्वीट्स पसल (607167368) | 582-77/7/1 र 583-77/7/10 | 39250 |
| 2 | आतिश पुस्तक पसल एण्ड जेनरल स्टोर्स (608079534) | 149-77/7/11 र 150-77/7/11 | 37950 |
| 3 | प्रवोध वस्त्रालय (304536508) | 9,10-2077/7 | 38810 |
| 4 | श्री रामडेरी उद्योग (602365112) | 70-77/7/11 | 19850 |
| 5 | कृष्ण टेण्ट लाइट साउण्ड हाउस तथा रथ एवम् आकष्ट्रा टोली (605697102) | 431, 432, 435, 436, 437 र 438-77/7/10 | 113990 |
| 6 | डोर हाजिरी 9 जनाको 10 दिनको 650 दरले | मिति 2077/7/1-7/10 | 58500 |
| | जम्मा | | 308350 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>विधुत जरिवाना<br>कार्यालयले नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएको विलहरुको समयमा नै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विषयगत शाखाको विभिन्न महिनाको विद्युत खपत वापतको रकम म्याद समाप्त भएपछि 5% देखि 25% सम्म जरिवाना थप गरी भुक्तानी गरेको नियमानुसार नदेखिएको रु.<br><table><tr><th>गो.भौ.नं/मिति</th><th>बिल नं</th><th>बिल रकम</th><th>जरिवाना दर</th><th>जरिवाना रकम</th></tr><tr><td>104-77/8/3 चालु</td><td>11086</td><td>9527.23</td><td>5%, 25 %</td><td>1473</td></tr><tr><td>192-77/10/13 चालु</td><td>62030</td><td>50809.57</td><td>25%</td><td>12702</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>14175</td></tr></table></td><td>१४,१७५</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>जिन्सी अभिलेख<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 94 देखि 102 मा खरिद गरी वा नगरी, हस्तान्तरण भइ वा वस्तुगत सहायतामा प्राप्त मालसामान 7 दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS प्रविष्ट गरेको पाइएन। पालिकाको साविक गा.वि.स र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पत्ति र जिन्सी अभिलेख प्राप्त गरी पालिकाको जिन्सी तथा सम्पत्ती रजिष्टरमा अभिलेख एकिकृत नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, सहायक जिन्सी खाता तयार नगरेको साथै कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरेको पाइएन।<br><br>साथै मालसामानको स्पेशिफिकेशन नखुलाएको, जोडजम्मा नगरेको, वडामा हस्तान्तरण गरेका सामान मौज्दाताबाट घटाएको, जिन्सी मौज्दातको वार्षिक विवरण तयार नगरेको, खप्ने जिन्सी खाता आर्थिक वर्ष अनुसार छुट्टाछुट्टै राखेको र जिम्मेवारी नसारेको, जिन्सी निरिक्षण गरी गराइ प्रतिवेदन तयार नगरेको, जिन्सी दाखिला गर्दा दाखिला प्रतिवेदन नम्बर र निकासी हुँदा निकासी नम्बर नराखेको, माग फारम व्यवस्थित नरहेको, खर्च भएर जाने सामान आम्दानी गरेकोमा माग फारम अनुसार खर्च र मौज्दात नजनाइ आम्दानी मात्र जनाएको र कतिपयमा एकमुष्ठ खर्च देखाएको र ति मध्ये आ.व 2078/79 मा जिम्मेवारी</td><td>१४,३९२,२९१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सारेको समेत देखिएन। पालिका अन्तरगत वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको कारण गाउँपालिका अन्तरगत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन।<br><br>यस्तै रमान लिएर गइसकेका कर्मचारीले बुझेको जिन्सी मालसामान बरबुझारथ नगरेको, कार्यक्रममा छोटो समयका लागि आएका करार कर्मचारीले उक्त कार्यक्रम सकिएपश्चात आफुले बुझेको जिन्सी सामाग्री समेत फिर्ता गरेको देखिएन। यसै गरी एकै प्रकृतिका सामाग्री आवश्यकता भन्दा बढी संख्यामा कर्मचारी र जनप्रतिनिधिले बुझेको देखिएको छ। खप्ने जिन्सी खातामा रहेका एकै प्रकृतिको जिन्सी सामाग्री धेरै पाना र स्थानमा अल्या नखुलाइ राखेको देखियो। पालिकाको स्वामित्व रहेको भवन, जग्गा, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाइल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी आम्दानी र खर्च सम्बन्धमा कार्यालयले दिएको विवरणका सम्बन्धमा यकिन गर्न सकिने अवस्था नरहेकोले कार्यालयले गत विगत देखि हाल सम्मको जिन्सी अभिलेख अध्यावधिक भएको देखिएन।<br><br>यसरी कार्यालयले माग फारम, खरिद आदेश, मर्मत आदेश, दाखिला प्रतिवेदन तथा जिन्सी खाता अध्यावधिक नभएकोले निम्नानुसार खर्च भएको रकम मूल्याङ्कन गर्न नसकिएकोले प्रमाण पेश गर्नुपर्ने रु. | |

| क्र.सं | खर्च शिर्षक | खर्च रकम |
| --- | --- | --- |
| 1 | मसलन्द तथा कार्यालय सामाग्री | 2970016 |
| 2 | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | 1077505 |
| 3 | मेशिनरी तथा औजार | 6840799 |
| 4 | फर्निचर तथ फिक्चर्स | 3503971 |
| | जम्मा | 14392291 |

| क्रमं | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | | ४,८१२,१०५ |

**पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।सार्वजनिक सुचना प्रकाशन तथा प्रसारण गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्नुपर्नेमा सो नगरी बिना प्रतिस्पर्धा जलेश्वरनाथ एफ.एम. 94.4 सँग विभिन्न सन्देशमुलक सुचना प्रसारण गर्न पटक पटक सोझै सम्झौता गरी ब्रोडकाष्टिङ रिपोर्ट र जिङ्गल वेगर निम्नानुसार खर्च गरेको नियमित नदेखिएको रु.

| गो.भौ.नं/मिति | फर्मको नाम | सम्झौता मिति | बिलको मिति | सन्देश | बिल रकम |
|---|---|---|---|---|---|
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 10/9/2077 | 12/27/2077 | कर तिरौ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 7/5/2077 | 12/27/2077 | कर तिरौ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 11/6/2077 | 12/27/2077 | जन्मदर्ता, मृत्यु दर्ता, बसाइसराइ दर्ता गरौँ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 9/15/2077 | 12/27/2077 | जन्मदर्ता, मृत्यु दर्ता, बसाइसराइ दर्ता गरौँ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 12/27/2077 | 12/27/2077 | जन्मदर्ता, मृत्यु दर्ता, बसाइसराइ दर्ता गरौँ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 6/14/2077 | 12/27/2077 | जन्मदर्ता, मृत्यु दर्ता, बसाइसराइ दर्ता गरौँ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 10/3/2077 | 12/27/2077 | डिजे बाजा प्रतिवन्ध सन्देश | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 11/7/2077 | 12/27/2077 | चर्पी प्रयोग गरौँ र स्वस्थ बनौँ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 8/18/2077 | 12/27/2077 | चर्पी प्रयोग गरौँ र स्वस्थ बनौँ | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 9/3/2077 | 12/27/2077 | कालाजारबाट बच्न उपाय सन्देश | 237300 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 7/13/2077 | 12/27/2077 | डेङ्गुबाट बच्न उपाय सन्देश | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 11/24/2077 | 12/27/2077 | पोषण सम्बन्धी | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 7/21/2077 | 12/27/2077 | महिला हिंसा र बेटी पढाउ सन्देश | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 11/26/2077 | 12/27/2077 | कोरोना भाइरस सम्बन्धी जनचेतना सन्देश | 237300 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 9/17/2077 | 12/27/2077 | दहेज मुक्त सम्बन्धि रेडियो नाटक | 203400 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 8/27/2077 | 12/27/2077 | बाल विवाह मुक्त रेडियो नाटक | 355950 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 9/27/2077 | 12/27/2077 | बाल विवाह मुक्त रेडियो नाटक | 355950 |
| 349-77/12/30 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 6/29/2077 | 12/27/2077 | बाल विवाह मुक्त रेडियो नाटक | 203400 |
| 284-77/12/1 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 9/25/2077 | 11/24/2077 | क्षयरोग | 66105 |
| 284-77/12/1 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 10/16/2077 | 11/24/2077 | कन्यादान योजना | 127125 |
| 284-77/12/1 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 9/20/2077 | 11/24/2077 | घटना दर्ता | 81360 |
| 284-77/12/1 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 8/2/2077 | 11/24/2077 | कोरोना | 42375 |
| 284-77/12/1 चालु | जलेश्वरनाथ एफ.एम. 94.4 | 10/21/2077 | 11/24/2077 | कुष्ठरोग | 54240 |
| | | जम्मा | | | 4812105 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>

**वैंक आदेश वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले निम्नानुसारका रु १३९७६२७० बैंकमा सिँधै भुक्तानी गरेको छ । भुक्तानीको बैंक आदेश संलग्न गरी भुक्तानी गर्नुपर्दछ ।

| गो.भौ.नं/मिति | भुक्तानीको विवरण | बैंकको नाम | चेक नं | रकम |
|---|---|---|---|---|
| 6-77/6/22 चालु | 2077 श्रावण, भाद्र, असोज चाडपर्व तलब स्थायी र करार | एभरेष्ट वैंक लि. पिपरा शाखा | 2357005 | 4120430.2 |
| 20-77/6/29 चालु | डोर हाजिरी कर्मचारी 2077 श्रावण-असोज तलब भत्ता 13 जना | - | - | 615840 |
| 45-77/7/5 चालु | पदाधिकारी सेवा सुविधा 2076 कार्तिक देखि 2077 असोज सम्म | एभरेष्ट वैंक लि. पिपरा शाखा | 2357052 | 6700000 |
| 295-77/12/9 चालु | पदाधिकारी सेवा सुविधा 2077 कार्तिक देखि 2077 फागुन सम्म | एभरेष्ट वैंक लि. पिपरा शाखा | 2357746 | 2540000 |
| | जम्मा | | | 13976270 |

</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>

**गाउँपालिका अध्यक्ष कन्यादान योजना**

सामाजिक व्यवहार (सुधार) नियमावली 2033 को नियम 3 र 8, मुलुकी देवानी संहिता 2074 को दफा 71(1), स्थानीय सरकार संचालन ऐन 2074 को दफा 11 को उपदाफा (2फ) को (4) र दफा 12 (2 ग) को (32), बालबालिका सम्बन्धि ऐन 2075 को दफा 66 (1) अन्तरगत रहेको विवाह, बाल विवाह, दाइजो, सामुहिक भोजभतेर आदी व्यवस्थाको विपरित सामाजिक कुरीति तथा कुसंस्कारलाई बढावा तथा प्रोत्साहन दिने कार्य गर्नु गराउनु हुदैन भन्ने व्यवस्था रहेकोमा गाउँ सभाबाट गाउँपालिका अध्यक्ष कन्यादान योजना स्वीकृत गरी 7 कन्याको विवाहमा उमेर खुल्ने प्रमाण वेगर गरगहना, लत्ताकपडा, भोजभतेर तथा अन्यमा, पेश्की फछ्र्योट गर्न बाँकी रु.20,00,000। बाहेक रु.15,71,631। खर्च गरेको प्रचलित ऐन कानुन विपरित भएकोले नियमित नदेखिएको रु.

</td><td>१,५७१,६३१</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**शिर्षक फरक पारी खर्च**

</td><td>१०,०३५,४४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्तव नियमावली 2077 को नियम 41(क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेकोमा कार्यालयले निम्नानुसारका भुक्तानीमा शिर्षक फरक पारी खर्च गरेको रकम नियमानुसार नदेखिएको रु. | |

| गो.भौ.नं/मिति | खर्च गर्नुपर्ने शिर्षक | खर्च भएको शिर्षक | खर्च रकम |
|---|---|---|---|
| 487-78/3/16 चालु | पारिश्रमिक कर्मचारी | पदाधिकारी पोशाक | 59446 |
| 220-77/10/27 चालु | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | 231820 |
| 272-77/11/25 चालु | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | 231820 |
| 331-77/12/25 | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | 231820 |
| 407-78/2 चालु | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | 231820 |
| 487-78/3/16 चालु | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | 231820 |
| 487-78/3/16 चालु | पारिश्रमिक कर्मचारी | कर्मचारी पोशाक | 40000 |
| 354-77/12/31 चालु | विविध खर्च | गा.पा. डिजिटल प्रोफाइल निर्माण | 496710 |
| 359-77/12/31 चालु | विविध खर्च | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 289000 |
| 441-78/2/19 चालु | कक्षा 8 को परीक्षा संचालन | विविध खर्च | 19650 |
| 439-78/2/19 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | विविध खर्च | 32431 |
| 349-77/12/30 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | विविध खर्च | 500000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 349-77/12/30 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | कोभिड 19 व्यवस्थापन खर्च | 1440500 | |
| | | | 320-77/12/13 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | अध्यक्ष कन्यादान योजना | 60000 | |
| | | | 320-77/12/13 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | कोभिड 19 व्यवस्थापन खर्च | 50000 | |
| | | | 421-78/2/12 चालु | मसलन्द तथा कार्यालय सामान | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | 27180 | |
| | | | 421-78/2/12 चालु | मसलन्द तथा कार्यालय सामान | अन्य कार्यालय संचालन खर्च | 75440 | |
| | | | 123-77/10/6 चालु | कोभिड 19 | अन्य कार्यालय सामाग्री | 498895 | |
| | | | 226-77/10/28 चालु | सेवा परामर्श | कोभिड 19 व्यवस्थापन खर्च | 1996710 | |
| | | | 227-77/10/28 चालु | सेवा परामर्श | विविध खर्च | 497200 | |
| | | | 276-77/11/26 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | सांस्कृतिक एवम् धार्मिक कार्यक्रम खर्च | 79326 | |
| | | | 303-77/12/11 चालु | वैठक भत्ता | प्रतिनिधि कर्मचारी भ्रमण अवलोकन खर्च | 86400 | |
| | | | 318-77/12/12 चालु | निर्माण कार्य पिसिसि ढलान | विविध खर्च | 16486 | |
| | | | 203-78/2/26 सशर्त | भौतिक पूर्वाधार शौचालय निर्माण | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | 500000 | |
| | | | 203-78/2/26 सशर्त | भौतिक पूर्वाधार शौचालय निर्माण | कक्षा 8 परीक्षा संचालन | 240000 | |
| | | | 37-77/9/8 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 105457 | |
| | | | 37-77/9/8 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 121837 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 38-77/9/8 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 581750 | | |
| | | | | 38-77/9/8 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 128445 | | |
| | | | | 38-77/9/8 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 309329 | | |
| | | | | 206-78/2/29 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 475377 | | |
| | | | | 207-78/2/29 पुँजिगत | मसलन्द तथा कार्यालय सामान | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 148780 | | |
| | | | | | जम्मा | | 10035449 | | |
| ५४ | | | **बढी दरमा भ्रमण भत्ता र बोर्डिङ्ग पाश** | | | | | | |
| ५४.१ | | | **बढी दरमा भ्रमण भत्ता** - भ्रमण खर्च नियमावली 2064 चौथौँ संसोधनको नियम 7 को उपनियम 1 मा अनुसुची 2 बमोजिमको दैनिक भ्रमण भत्ता र होटलबास खर्च पाउने व्यवस्था गरेको छ। पालिकाका निम्नानुसारका कर्मचारीहरुले भ्रमण भत्ता भुक्तानी लिदा नियमावलीमा भएको व्यवस्था भन्दा बढी दरमा भ्रमण भत्ता भुक्तानी लिएको कारण बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | | | | | | ७,४०० |

| गो.भौ.नं/ मिति | कर्मचारीको नाम | भ्रमण स्थान | भ्रमण मिति | पाउने | भुक्तानी | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 17-77/6/29 | ले.अ. राम सागर यादव | वर्दिबास | 2077/6/9-6/15 | 10000 | 17400 | 7400 | प्रत्येक दिन बस ट्याक्सीको रु.1000। राखिएको |
| | | | जम्मा | | | 7400 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.२ | 408 | २०७८-२-२ | **बोर्डिङ पाश** – (गाउँपालिका चालु) - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।लेखा अधिकृत राम सागर यादवले मिति 2078/1/9-1/15 गते सम्म काठमाडौँ काजमा जादा आतेजाते हवाइजहाज वापत मिति 2078/1/9 गते रु.4000। र मिति 2078/1/15 गते रु.4500। भुक्तानी लिएकोमा भ्रमण बिल संग फर्कदाको मात्र बोर्डिङ पाश समावेश भएकोमा जाँदाको बोर्डिङ पाश पेश नभएकोले उक्त खर्च यकिन गर्न नसकिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ४,००० |
| ५५ | | | **भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(2) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भएकोमा उपनियम 13 मा भुक्तानी दिन बाकी रहेको उपनियम 15 बमोजिमका खर्चहरुलाई नियमानुसार महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराइ भुक्तानी दिन सक्ने व्यवस्था रहेको छ। पालिकाले आ.व.2077/78 मा गाउँसभाबाट भुक्तानी दिन बाकीको विवरण प्रमाणित र पारित गरी विभिन्न व्यक्ति वा फर्मको रकम भुक्तानी गरेकोमा निम्नानुसारका गत आर्थिक वर्षको भुक्तानीमा सभा वा कोलेनिकाबाट नियमानुसार प्रमाणित नगराई भुक्तानी गरेको नियमानुसार नदेखिएको रु. | २९८,३०३ |

| गो.भौ.नं/मिति | गत आ.वको भुक्तानीको व्यहोरा | रकम |
|---|---|---|
| 38-77/7/5 | ज्यालादारी कर्मचारीको तलब भुक्तानी 2077 वैशाख-2077 असार | 38700 |
| 39-77/7/5 | ज्यालादारी कर्मचारीको तलब भुक्तानी 2077 वैशाख-2077 असार | 16300 |
| 40-77/7/5 | होटल दिपा चिया नास्ताको भुक्तानी 2077 असारको | 42670 |
| 41-77/7/5 | गाडी मर्मत वापत | 5690 |
| 42-77/7/5 | पालोपहरो वापत भुक्तानी | 6975 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 54-77/7/6 | घरभाडा वापत भुक्तानी | 74667 | | |
| | | | | 60-77/76 | ज्यालादारी वापत भुक्तानी | 10000 | | |
| | | | | 264-77/11/25 | होटलको बिल रोयल मिथिलालाई भुक्तानी | 24301 | | |
| | | | | 424-78/2/12 | सुचना प्रकाशन वापत सिटि पोष्ट दैनिकलाई भुक्तानी | 79000 | | |
| | | | | | जम्मा | 298303 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **श्रेस्ता कागजातको प्रमाण पेश नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले पेश गरेको बैंक नगदी किताबबाट निम्नानुसारका फर्म वा व्यक्तिलाई निम्नानुसारका कार्यका लागि विभिन्न भौचरबाट भुक्तानी गरेको देखिएकोमा उक्त खर्चलाई पुष्ट्याइ गर्ने श्रेस्ता कागजातको प्रमाण पेश नभएकोले उक्त खर्चलाई एकिन गर्न नसकिएको रु. | ५,२५२,५२७ |

| गो.भौ.नं/मिति | कारोबारको विवरण | भुक्तानी रकम |
|---|---|---|
| 345-77/12/29 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन वापत जलेश्वरनाथ एफ.एम. 94.4 लाई भुक्तानी | 3910000 |
| 320-77/12/13 चालु | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन, कोभिड 19 व्यवस्थापन खर्च र अध्यक्ष कन्यादान योजना शिर्षकबाट | 160000 |
| 294-78/1/7 चालु | बिलको रकम भुक्तानी | 49000 |
| 395-78/1/7 चालु | मंसिर देखि चैत्र सम्म 4 महिनाको भुक्तानी | 440000 |
| 396-78/1/9 चालु | होली पर्वको खर्च | 94854 |
| 405-78/1/17 चालु | वडा नं 3 मसलन्द खरिदको रकम भुक्तानी | 65540 |
| 432-78/2/17 चालु | ईन्धन वैशाख महिनाको बिल भुक्तानी | 273867 |
| 597-78/3/30 चालु | बिल अनुसारको रकम भुक्तानी | 9000 |
| 224-77/10/28 चालु | ईन्धनको बिल भुक्तानी | 250266 |
| | जम्मा | 5252527 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **भर्पाइ भन्दा बढी खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँसभाबाट स्वीकृत गाउँपालिका अध्यक्ष कन्यादान योजनामा पालिकाले 7 जना कन्याको सामुहिक विवाह गर्दा निम्नानुसारका गरगहना र लत्ताकपडा खरिद गरी वितरण गर्दा, खरिद गरेको परिमाण भन्दा वितरण गरेको परिमाण कम देखिएको र लत्ताकपडाको जिन्सी दाखिला भए पनि उक्त सामाग्रीको भौतिक परीक्षण गर्दा स्टोरमा मौज्दात भएको नदेखिएकोले उक्त सामाग्रीहरु यकिन गरी असुल गर्नुपर्ने रु. | ३३७,२५१ |

| गो.भौ.नं/मिति | फर्मको नाम | सामाग्रीको विवरण | वितरण गरेको परिमाण | बाँकी परिमाण | रकम |
|---|---|---|---|---|---|
| 235-77/11/12 चालु | सजिव ज्वलर्स | मंलग सुत्र, लेडिज औठी, जेन्स औठी 10/10 थान | मंलग सुत्र, लेडिज औठी, जेन्स औठी 7/7 थान | मंलग सुत्र, लेडिज औठी, जेन्स औठी 3/3 थान | 164742 |
| 279-77/11/28 चालु | रुङ्गटा क्लोथ स्टोर्स | साडी 125 थान | साडी 35 थान | साडी 90 थान | 172509 |
| | जम्मा | | | | 337251 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>
माग विवरण<br>
लेखापरीक्षणको क्रममा माग गरिएका निम्नानुसारका विवरण तथा फारमहरु यस पालिकाबाट उपलब्ध नगराएकोले सो विवरण तथा फारामहरुको व्यहोराको सम्बन्धमा विश्लेषण गर्न सकिएन।
<table>
<tr><th>क्र.सं</th><th>माग गरिएका विवरण तथा फारमहरु</th></tr>
<tr><td>1</td><td>कोभिड 19 सम्बन्धि विवरण (फारम नं 1 – 21)</td></tr>
<tr><td>2</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम (सि.नं 1 – 15)</td></tr>
<tr><td>3</td><td>अनुसुची 20 संग सम्बन्धित फारमहरु (फारम नं 1 – 10)</td></tr>
<tr><td>4</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम</td></tr>
<tr><td>5</td><td>स्थानीय तहको लेखापरीक्षणको क्रममा संकलन गर्नुपर्ने विवरण सम्बन्धि फारमहरु</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
व्यक्तिगत फाइल पेश नभएको्<br>
व्यक्तिगत फाइल पेश नभएको – कार्यालयसंग निम्नानुसारका कर्मचारीको व्यक्तिगत फाइल माग गरेकोमा लेखापरीक्षणको अवधिमा उक्त फाइल पेश नभएकोले उक्त कर्मचारीलाई पालिकाबाट दिइएको तलब भत्ताका सम्बन्धमा यकिन गर्न नसकिएको रु.
<table>
<tr><th>क्र.सं</th><th>कर्मचारीको नाम</th><th>तलब भत्ता वापत भुक्तानी भएको रकम</th></tr>
<tr><td>1</td><td>कम्प्युटर अपरेटर रिमा कुमारी</td><td>371930</td></tr>
<tr><td></td><td>जम्मा</td><td>371930</td></tr>
</table>
</td><td>३७१,९३०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **कक्षा ८ को परीक्षा सञ्चालन खर्च**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार कक्षा ८ को परीक्षा सञ्चालनका प्रतिविद्यार्थी सशर्त अनुदानरकम रु २०० का दरले खर्च गर्न मिल्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष कक्षा ८ को परीक्षा सञ्चालन गर्न सशर्ततर्फबाट रु १७२२५० तथा पालिका चालु शीर्षकबाट रु ७५००० गरी २४७२५० खर्च गरेको देखिन्छ । पालिकाको २०७७ को IEMIS तथ्यांक अनुसार ८२१ जना विद्यार्थी रहेको देखिएकोमा सशर्ततर्फ खर्च गर्न मिल्ने रु १६४२०० रहेकोमा रु ८०५० बढी खर्च गरको रकम स्थानीय संचित कोषबाट संघीय संचित कोषमा सोधभर्ना गर्नुपर्ने रु | ८,०५० |
| ६१ | | | **मोबाइल खरिद**<br>**भौ नं२०१,२०३,२०५ (गापा पुजीगत**)सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ अनुसार सार्वजनिक निकायले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ ।नमूना छनोट गरी हेर्दा विभिन्न भौचरबाट पालिकाले व्यक्तिगत प्रयोजन हुने मोबाइल खरिद गरी रु ४२९२८३ खर्च गरेको देखियो ।व्यक्तिगत प्रयोजनका सामान खरिदमा नियन्त्रण हुन पर्दछ । | |
| ६२ | | | **बढी भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार कर्मचारीले खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु तथा भुक्तानी दिनको लागि रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कुल खर्च भएको रकम भन्दा बढी भुक्तानी दिन मिल्ने देखिदैन । देहायको भुक्तानीमा खर्चको विल भरपाई भन्दा बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु | १३७,५८५ |

| भौचर नं र मिति | विवरण | विजक पेश | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| ३८।२०७७।९।८ गापा पुजीगत | सिक्योर भिजन सिक्योरीटी सिस्टमलाई | १९८३२६ | २७७९११ | ७९५८५ |
| ३८।२०७७।९।८ गापा पुजीगत | मा जानकी कम्प्युटर जनकपुर | ५७४०० | ११५४०० | ५८००० |
| | जम्मा | | | १३७५८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>व्यक्तिगत मोबाइल रिचार्ज खर्च<br>१७५।२०७८।३।२८ (सशर्त संघ चालु )निजामती कर्मचारी ऐन २०५३ मा कर्मचारीहरुलाई व्यक्तिगत संचार खर्च दिन मिल्ने व्यवस्था देखिदैन । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ अनुसार सार्वजनिक निकायले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । पालिका अन्तर्गत निम्न कर्मचारीहरुले व्यक्तिगत मोबाइल नम्बरमा रिचार्ज गरेको खर्च समेत कार्यालयबाट भुक्तानि भएको देखिएकोले उक्त खर्च असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>राजीब कुमार झा</td><td>८५२५</td></tr>
<tr><td>२</td><td>रामबाबु यादव</td><td>३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११५२५</td></tr>
</table></td><td>११,५२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **क्षेत्राधिकारभन्दा बहिरको काममा खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१)अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । मुलुकी देवानी संहिता, २०७४ दफा १०७(१)माकसैले पनि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागि नेपाल सरकारको सहमति बेगर कुनै संरचना बनाउनु नहुने उल्लेख छ । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका योजनाहरुमा नेपाल सरकारको स्वीकृति बेगर देहाय अनुसार खर्च गरेको देखिएकोले नियमित नदेखिएको रु | ४,९००,९७५ |

| भौचर नं | योजना | विवरण | बजेट खर्च |
|---|---|---|---|
| १४९ गा पा पुजीगत | पिपराबजारमा सटर निर्माण कार्य वडा नं ४ | स्थलगत अवलोकन गर्दा वडा नं ४ मा रहेको सार्वजनिक पोखरी भित्र नै सटर निर्माण कार्य सुरु गरी यस आर्थिक वर्षसम्म रु २८८२७३७ भुक्तानी गरेको | २८८२७३७ |
| ९ संघ सशर्त पुजीगत | सामुदायिक भवन निर्माण पिपरा गा पा ३ | स्थानीय तहले सार्वजनिक पोखरीमा नेपाल सरकारको सहमति बेगर माटो पुरेर योजना सञ्चालन गरेको | २०१८२३८ |
| | | जम्मा | ४९००९७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **एकहरीया अधुरो मन्दिर निर्माण (स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम)**<br>जग्गा प्राप्ति ऐन, २०३४ अनुसार कुनै पनि सामुदायिक संस्थाले आफ्नो स्वामित्वमा जग्गा प्राप्त गरे पश्चात मात्र त्यसमा निर्माण कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट एकहरीया अधुरो मन्दिर निर्माण वडा नं १ मा उपभोक्ता समितिबाट एकहरिया अधुरो मन्दिर निर्माण गरी रु १९३६०६२ खर्च गरेको देखिन्छ । स्थलगत अवलोकनबाट उक्त पोखरी रहेको जग्गा नीजि स्वामित्वको रहेको बुझिएकोले नीजि स्वामित्वको जग्गामा सार्वजनिक मन्दिर निर्माण गरी खर्च गरेको नियमित देखिदैन । उक्त मन्दिर निर्माण भएको जग्गाको पुर्जा समुदायको स्वामित्वमा आएको प्रमाण पेश गर्नुपर्ने रु | १,९३६,०६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **विभिन्न सामान मर्मत तथा जडान खर्च**<br>**१७७।२०७८।३।३०(सशर्त चालु संघ**) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार पालिकाले कार्यलयभित्रका समान मर्मतसम्भार गर्नुपर्दा प्राविधिक इष्टिमेट तयार गराई मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई त्यस्तो मर्मत अभिलेख समेत राख्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले उक्त व्यवस्था विपरीत ल्यापटप रिपेयर, सि सि टि भि रिपेयर, एसी रिपेयर, गाडी रिपेयरतथा इलेक्टिक हाजिरी जडान खर्च भनी इलेक्ट्रोनिक्स संसारलाई रु १२०००० भुक्तानी गरेको देखिन्छ । कार्यालयमा इलेक्ट्रिक हाजिरी जडान अघिल्लो आ व मै भएको देखिएको, मर्मत गरिएका भनिएका सामानहरु कहिले जडान भएको तथा Warranty Period बारे उल्लेख नभएको, तथा इलेक्टोनिक्स पसलबाट गाडी रिपेयरको विजक पेश भएकोले खर्चलाई यथार्थ मान्न सकिएन । उक्त सम्बन्धमा यकिन हुनुपर्ने रु | १२०,००० |
| ६७ | | | **नर्म्स विपरीत खर्च**<br>**भौ नं १४७(**सशर्त चालु संघ**)** पालिकाले सशर्त अनुदानतर्फको रकम खर्च गर्दा स्वीकृत नर्म्स अनुसार गर्नुपर्दछ । यस वर्ष संघ सशर्ततर्फ कृषक दर्ता व्यवस्थापन कार्यक्रमका लागि रु ३००००० बजेट व्यवस्था गरेकोमा पालिकाले रु २७९००० स्थानीय सञ्चार माध्यममार्फत सूचना प्रवाहका लागि जलेश्वर एफ एम ९४.४ लाई भुक्तानी गरेको देखिन्छ । कृषक दर्ता व्यवस्थापन कार्यक्रम २०७७।६।१२ च.नं ६१ को पत्र तथा कार्यक्रम कार्यान्वयन तथा सशर्त अनुदान बाँडफाँडका आधारहरुको बुदाँ नं २.२ अनुसार विनियोजित बजेटको २०% अर्थात रु ६०००० मात्र स्थानीय सञ्चार माध्यममार्फत सूचना प्रवाहका लागि खर्च गर्न सकिने व्यवस्था रहेकोमा रु २७९००० खर्च गरेको देखिन्छ । कार्यक्रमको निर्धारीत उद्देश्य पूरा नहुने गरी सञ्चारका लागि मात्र खर्च गरेको कार्यविधि संगत नदेखिएको रु | २७९,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**माग फारम भन्दा बढी निकाशा**

कार्यक्रम कार्यान्वियन पुस्तिका 2077/78 को 1) शिक्षकको तलब भत्ता शिर्षकको क्रियाकलाप नं 1.1.3.3 र 1.1.3.4 मा आधारभुत तह र माध्यामिक तहका विद्यालयका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक (विशेष शिक्षा परिषद अन्तरगत शिक्षक, कर्मचारी, प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षक समेत) को तलब भत्ता वापत माग फारम भरी विद्यालयले निकासा पाउने व्यवस्था रहेकोमा विद्यालयको माग फारम, शिक्षा युवा तथ खेलकुद शाखाको सिफारिस भन्दा निम्नानुसार वढी निकासा दिएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>कार्यक्रम</th><th>सिफारिस रकम</th><th>निकाशा रकम</th><th>बढी निकासा</th></tr>
<tr><td>विभिन्न 6 वटा भौचर</td><td>प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन</td><td>4179000</td><td>4180000</td><td>1000</td></tr>
<tr><td>विभिन्न 4 वटा भौचर</td><td>सार्वजनिक विद्यालयका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान</td><td>4001379</td><td>4031379</td><td>30000</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>31000</td></tr>
</table>

</td><td>३१,०००</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**स्वास्थ्य कर्मचारी फिल्ड भत्ता**

**गो.भौ.नं/मिति – 370-78/1/6 र 484-78/3/15 चालु –** फिल्ड कार्यकर्ताहरुलाई फिल्ड भत्ता शिर्षकबाट कार्यालयले यस वर्ष निम्नानुसारका प्राथमिक स्वास्थ्य केन्द्र एंव स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई आमा समूहको वैठक, गाउँघर क्लिनिक र खोप क्लिनिक संचालन गरेवापत भनी गाउँपालिकाबाट विनियोजित स्थानिय बजेटबाट फिल्ड भत्ता वापत मासिक रु.3000। का दरले भुक्तानी गरेकोमा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम सशर्तमा हुने यस प्रकारका काम र भत्ताको सोही निर्देशिका बमोजिम सम्पन्न गरी भुक्तानी हुनु पर्नेमा गाउँपालिका चालुबाट खर्च लेखेको नियमित नदेखिएको रु.

<table>
<tr><th>क्र.सं</th><th>कर्मचारीको नाम र पद</th><th>मासिक दर</th><th>महिना</th><th>भुक्तानी कर बाहेक</th></tr>
</table>

</td><td>३६८,२८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | |
|---|---|---|---|---|
| 1 | अ.हे.व कृष्णा साह | रु.3000 | 12 महिना | 35640 |
| 2 | अ.न.मी पुजा साह | रु.3000 | 12 महिना | 35640 |
| 3 | अ.न.मी मधु देवी ठाकुर | रु.3000 | 12 महिना | 35640 |
| 4 | अ.हे.व अरविन्द्र ठाकुर | रु.3000 | 12 महिना | 35640 |
| 5 | सी.अ.न.मी राम काशी कुमारी | रु.3000 | 12 महिना | 35640 |
| 6 | अ.हे.व. तेज नारायण चौधरी | रु.3000 | 12 महिना | 35640 |
| 7 | अ.हे.व श्रवन साह | रु.3000 | 12 महिना | 35640 |
| 8 | अ.न.मी सरस्वती यादव | रु.3000 | 12 महिना | 35640 |
| 9 | अ.न.मी ममता ठाकुर | रु.3000 | 12 महिना | 35640 |
| 10 | अ.हे.व संगिता कुमारी | रु.3000 | 12 महिना | 35640 |
| 11 | अ.न.मी स्मिता कर्ण | रु.3000 | 4 महिना | 11880 |
| | जम्मा | | | 368280 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ, उक्त कर असुल हुनुपर्ने रु. | २०,९८६ |

| भौ नं | कार्यक्रम | भुक्तानी | कर | कर | नपुग |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | काटेको | काट्टी हुने | | |
| | | | १५७ सशर्त चालु | प्राथमिक स्वास्थ्य केन्द्र पिपरा सेवाप्रदायक प्रोत्साहनभत्ता बापत ३०० का दरले ,४७ बटा डेलिभरी केशको भुक्तानी भएकोमा पारिश्रमिक कर छुटेको | १४१०० | - | २११५ | २११५ | |
| | | | ८७ सशर्त चालु | प्राथमिक स्वास्थ्य केन्द्र पिपरा सेवाप्रदायक प्रोत्साहनभत्ता बापत ३०० का दरले ,७५ बटा डेलिभरी केशको भुक्तानी भएकोमा पारिश्रमिक कर छुटेको | २२५०० | - | ३३७५ | ३३७५ | |
| | | | ५६।२०७७।११। १८ सशर्त चालु | अतिरिक्त सट्टा विदा बापतको भुक्तानी तथा नाईट भत्ता रेखा कुमारी ठाकुर पारिश्रमिक कर | ४४६४३ | ४४६ | ६६९६ | 6250 | |
| | | | ५६।२०७७।११। १८ सशर्त चालु | अतिरिक्त सट्टा विदा बापतको भुक्तानी तथा नाईट भत्ता सिता कुमारी ठाकुर पारिश्रमिक कर | २३९४८ | २३९ | ३५९२ | ३३५३ | |
| | | | ५६।२०७७।११। १८ सशर्त चालु | अतिरिक्त सट्टा विदा बापतको भुक्तानी तथा नाईट भत्ता विना कुमारी ठाकुर पारिश्रमिक कर | ९९०१ | ९९ | १४८५ | १३८६ | |
| | | | ५६।२०७७।११। १८ सशर्त चालु | अतिरिक्त सट्टा विदा बापतको भुक्तानी तथा नाईट भत्ता रुबी झा पारिश्रमिक कर | ८२५० | ८२ | १२३७ | ११५५ | |
| | | | ४५।२०७७।१०। २३ सशर्त चालु | अतिरिक्त समय भत्ता रेखा कुमारी ठाकुर | २३९४९ | २४० | ३५९२ | ३३५२ | |
| | | | | जम्मा | | | | २०९८६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **मातृतथा नवशिशु कार्यक्रम**<br>**भौनं ११४(सशर्त चालु संघ**) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले खर्चलेख्नु अघि त्यस्तो रकम खर्च लेख्नु वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । कुल खर्च भएको रकम मात्र भुक्तानी दिनुपर्ने हुन्छ। तर पालिकले रेखा कुमारी ठाकुरलाई भुक्तानी गर्दा ९२ वटा **Normal Delivary** को १००० का दरले तथा १० वटा **ANC visit**को ४०० का दरले सुत्केरी प्रोत्साहन खर्च रु ९६००० भुक्तानी हुनुपर्नेमा रु १००००० भुक्तानी भएकोले बढी भुक्तानी रु ४००० असुल उपर गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | ४,००० |
| ७२ | | | **स्वास्थ्यकर्मीहरुको छुट ग्रेड भुक्तानी**<br>भौ नं. ३७।२०७७।१०।१०(सशर्त चालु संघ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले खर्चलेख्नु अघि त्यस्तो रकम खर्च लेख्नु वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाका स्वास्थ्य कर्मीहरुको छुट तलब भत्ता भनी स्वास्थ्य संयोजकले रु ६२२६९८ बराबरको कागजात भुक्तानीका लागि पेश गरेकोमा रु ६७४१७९ भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रु ५१४८१ को प्रमाण पेश हुनुपर्ने अन्यथा स्वास्थ्य संयोजक राजेन्द्र रायलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने देखिएको रु. **५१४८१**<br>**प्रमाण कागजात पेश नभएको**- पालिकाका स्वास्थ्य कर्मीहरुको छुट तलब भत्ता भनी स्वास्थ्य संयोजकले रु ६२२६९८ बराबरको कागजात भुक्तानीका लागि पेश गरेकोमा तीन जना कर्मचारीहरुको छुट प्राविधिक ग्रेड बापतको रकम रु २००७०३ भुक्तानीको कागजात पेश भएको देखिन्छ । थप ३६ जना कर्मचारीको लागि छुट ग्रेड रकम रु ४२१९९५ भुक्तानी भएकोमा ग्रेड छुटेको आवश्यक प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. **४२१९९५** | ४७३,४७६ |
| ७३ | | | **औषधी, सर्जिकल तथा ल्याब सामग्री खरिदठेक्का**<br>(भौनं ११ संघ सशर्त पुजीगत, भौ नं ५१६गा पा चालु, भौ नं ३ प्रकोप व्यवस्थापन)पालिकाले यस वर्ष औषधी, सर्जिकल तथा ल्याब सामान खरिदतर्फ प्याकेज बनाई रु ३४९०११४ भ्याट बाहेकको ठेक्का आव्हान गरेकोमा न्यून मूल्यांकित लब मेडिकल हलबाट रु ३४५३३२७ (भ्याट बाहेक) कबोल अंकलाई स्वीकृत गरी खरिद गरेको देखिन्छ । ठेक्का आव्हानको सूचनाको बुदाँ नं ८ मा उल्लेख भए अनुसार कार्यालयले प्याकेजमा वा पूर्णरुपमा बोलपत्र स्वीकृत गर्न सकिने व्यवस्था गरेको देखिन्छ । उक्त व्यवस्थालाई मध्यनजर गरी कार्यालयबाट पेश भएको तुलनात्मक तालिकालाई अध्ययन गर्दा देहाय अनुसार कार्यालयलाई बढी व्यय भार परेको देखिएको रु | १४९,४३४ |

| प्याकेज | कबोल गर्ने व्यवसायी | न्यून कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| औषधीतर्फ A | निशा फर्मा | २२२८०८५ |
| सर्जिकल सामान B | लव मेडिकल हल | १६७२०० |
| ल्याब केमिकल्स C | नवदुर्गा मेडिकल हल | ५२३१३८ |
| कोभिड औषधी तथा औषधीजन्य सामान | निशा फर्मा | ३८५४७० |
| जम्मा | प्याकेजमा खरिद गर्दा लागत | ३३०३८९३ |
| | एकमुष्ट खरिद लव मेडिकल हलबाट कबोल | ३४५३३२७ |
| बढी व्यय भार | | १४९४३४ |

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी औषधी, औषधीजन्य सामान र आयुर्वेदिक औषधीहरुमा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **भिटामिन ए तथा अल्बेन्डाजोल ढुवानी खर्च**<br>**१७१।२०७८।३।३०(सशर्त चालु संघ)**स्थानीय तहमा स्वास्थ्यको कार्यक्रम सञ्चालन निर्देशिका २०७७ अनुसार राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रममा भिटामिन ए तथा अल्वेन्डाजोल ढुवानीमा खर्च लेख्न मिल्ने व्यवसथा देखिदैन । उक्त कार्यक्रमका लागि महिला स्वयंसेविकाहरुले पालिकाबाट आवश्यक मात्रामा भिटामिन ए तथा जुकाको औषधी बुझेर लाने तथा वितरणका लागि यातायात खर्च भुक्तानी हुने निर्देशिकामा व्यवस्था छ । निर्देशिकाको प्रावधान विपरीत कर्मचारीले ढुवानी गरेको भनी गाडी भाडा बापत रु १५००० रुपैया बुझेको नियमसंगत देखिएन । अत उक्त खर्च रकम असुल हुनुपर्ने रु<br><br>सि नं \| कार्यक्रम \| भुक्तानी<br>१ \| रवि विक्रम साह \| ७५००<br>२ \| राजेन्द्र राय \| ७५००<br> \| जम्मा \| १५००० | १५,००० |
| ७५ | 446 | २०७८-२-२० | **शैक्षिक क्यालेण्डर निर्माण**<br>**गाउँपालिका चालु** – सार्वजनिक खरिद नियमावली 2064 (दशौं संसोधन) को नियम 85 को उपनियम 4 मा सार्वजनिक निकायले एक लाख रुपैँया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त उपनियमको व्यवस्था बमोजिम पालिकाले शैक्षिक क्यालेण्डर निर्माण गर्नका लागि माला कलर प्रिन्टिङ्ग प्रेसले पेश गरेको कर बाहेक प्रति क्यालेण्डर रु.175।, माला स्टेशनरी एण्ड सप्लायर्सले पेश गरेको कर बाहेक प्रति क्यालेण्डर रु.196। र रिजा ट्रेडिङ प्रा.लिले पेश गरेको कर समेत प्रति क्यालेण्डर रु.187। मध्ये कम दरभाउ पेश गरेको रिजा ट्रेडिङ प्रा.लिको दरभाउ पत्र स्वीकार गर्नुपर्नेमा माला कलर प्रिन्टिङ्ग प्रेसको दरभाउ पत्र स्वीकार गरी खरिद गरेकोले कार्यालयलाई वढी व्ययभार पारेको रु. | १०,७५० |
| ७६ | | | **फरक प्रकृतिको बिल** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.१ | 465 | २०७८-२-२९ | **लक्जरी कन्स्ट्रक्सन एण्ड सप्लायसर्स प्रा.ली – गाउँपालिका चालु** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले पुस्तक तथा सामाग्री खर्च शिर्षक, मसलन्द तथा कार्यालय सामाग्री शिर्षक र विविध खर्च शिर्षकबाट गरी लक्जरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली (609861714) संग स्टेशनरी छपाइ तथा खेलकुद सामानहरु खरिद वापत बिल नं 4, 6, 11, 13 र 15 बाट रु.5,00,000। भुक्तानी गरेकोमा रु. 5 लाख सम्मको सामाग्री सोझै खरिद गरेको साथै उक्त खर्चको बिल मात्र पेश गरी माग फारम, खरिद आदेश, जिन्सी दाखिला वेगर भुक्तानी दिएकोमा निर्माण संग सम्बन्धित कन्स्ट्रक्सन र सप्लायर्सबाट स्टेशनरी छपाइ तथा खेलकुद सामाग्री खरिद गरेको सम्बन्धमा यकिन गर्न नसकिएको रु. | ५००,००० |
| ७६.२ | 466 | २०७८-२-२९ | **जनता समाजवादी कन्स्ट्रक्सन प्रा.ली - गाउँपालिका चालु** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले निर्माण कार्य संग सम्बन्धित जनता समाजवादी कन्स्ट्रक्सन प्रा.ली (609835810) संग अन्य कार्यालय संचालन खर्च शिर्षकबाट विधुतिय सेवा तथा अफिस डेकोरेसन र इलेक्ट्रोनिक्स सामानहरु खरिद तथा जडान सप्लाइ वापत बिल नं 2, 4 र 6 बाट जम्मा रु.2,50,000। भुक्तानी गरेकोमा रु. 5 लाख सम्मको सामाग्री सोझै खरिद गरेको साथै उक्त खरिद भएका सामाग्रीको माग फारम, खरिद आदेश, दाखिला वेगर र जडान गरिएका सामाग्रीको मर्मत आदेश, प्राविधिक मुल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी दिएको सम्बन्धमा यकिन गर्न नसकिएको रु. | २५०,००० |
| ७७ | | | **बिल भन्दा बढी भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले निम्नानुसारका भौचरबाट खर्चको भुक्तानी गर्दा बिल भन्दा बढी रकम भुक्तानी गरेकोले बढी भुक्तानी रकम सम्बन्धित व्यक्ति वा फर्मबाट असुल गर्नुपर्ने रु. | १३७,८१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | गो.भौ.नं./ मिति | विवरण | बिल पेश | भुक्तानी | बढी भुक्तानी | |
| | | | 79-77/7/24 | कार महल ट्रेडको सवारी साधन मर्मत खर्च भुक्तानी | 23165 | 28250 | 5085 | |
| | | | 80-77/7/24 | राहुल मोटर पार्टस एण्ड रिपेरिङ्ग सेन्टरको सवारी साधन मर्मत खर्च भुक्तानी | 19888 | 27588 | 7700 | |
| | | | 367-78/1/6 | जानकी मोटर वर्कशपको सवारी साधन मर्मत खर्च भुक्तानी | 23200 | 88580 | 65380 | |
| | | | 367-78/1/6 | शाह मोटर पार्टसको सवारी साधन मर्मत खर्च भुक्तानी | 22855 | 26855 | 4000 | |
| | | | 448-78/2/20 | जलेश्वर टुडे प्रा.लीलाई सुचना प्रकाशन वापत भुक्तानी | 377307 | 386307 | 9000 | |
| | | | 464-78/2/29 | इलेक्ट्रोनिक्स संसारको बिल भुक्तानी | 243850 | 250000 | 6150 | |
| | | | 281-77/11/28 | ग्रामिण महिला सशक्तिकरण परियोजनाको महिला पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम | 476031 | 500000 | 23969 | |
| | | | 566-78/3/30 | प्रदेश न्युज नेटवर्कलाई विविध कार्यका लागि भुक्तानी | 199000 | 200000 | 1000 | |
| | | | 465-78/2/29 | लक्जरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली स्टेशनरी छपाइ तथा खेलकुद सामाग्री खरिद वापत | 490837 | 500000 | 9163 | |
| | | | 466-78/2/29 | जनता समाजवादी कन्स्ट्रक्सन प्रा.ली विद्युतिय सेवा तथा अफिस डेकोरेसन र इलेक्ट्रोनिक्स सामानहरु खरिद तथा जडान सप्लाइ वापत | 243628 | 250000 | 6372 | |
| | | | | जम्मा | | | 137819 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **भुक्तानीमा कर**<br>**स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम – कोलेनिका तर्फ** आयकर ऐन, 2058 को दफा 87, 88 र 89 अनुसार कट्टा गरिएको अग्रीम कर कट्टा गरी सम्बन्धित खातामा दाखिला गरिसक्नु पर्ने उल्लेख छ। कार्यालयले निम्नानुसारका भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने कर कट्टा गरेकोमा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु.<br><br><table><tr><td>क्र.सं</td><td>कार्यक्रमको नाम</td><td>भुक्तानी रकम</td><td>कर कट्टि रकम</td></tr><tr><td>1</td><td>रंगेली अधुरो सामुदायिक भवन निर्माण मर्मत उपभोक्ता समिति</td><td>1079973</td><td>20360</td></tr><tr><td>2</td><td>एकरहियाको अधुरो दुर्गा मन्दिर निर्माण</td><td>1936062</td><td>28216</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>48576</td></tr></table> | ४८,५७६ |
| ७९ | 168 | | **प्रतिस्पर्धा वेगर खरिद गरेको**<br>**सशर्त चालु संघ** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १ मा बिस लाख रुपैयाँसम्मको मालसामान सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने उल्लेख छ । पोषण संवेदनशील कार्यक्रमतर्फ सुनौलो हजार दिन सुत्केरीका लागि पौष्टिक आहार खरिद गर्दा कार्यालयले सोझै खरिद गरेको तथा वितरण भरपाई समेत पेश नगरेको लेखापरीक्षणका क्रममा देखियो । ५३३४ **kg** पौष्टिक पिठो को वितरण भरपाई पेश हुनुपर्दछ । नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज प्रा.लि.बाट रु. १४९३५३४ (भ्याट समेत) प्रतिस्पर्धा बेगर खरिद गरेको नियमसंगत नदेखिएको रु | १,४९३,५३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **टुक्रे योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नमूना छनोटका आधारमा लेखापरीक्षण गर्दा पालिकाहरुले यो वर्ष विभिन्न निर्माण सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई टुक्राएर कोटेशनबाट खरिद गरेका उदाहरणहरु निम्नअनुसार छन् । एकमुष्ट प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| भौ नं | योजना | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ४७।२०७७।११।१० गा पा पुजीगत | ओली मोहम्मदको घरदेखि मेनरोड सम्म पि सि सि ढलान | अल अहद कन्सट्रक्सन | ४६९४४६ |
| ४९।२०७७।११।१० गा पा पुजीगत | इसराइल कवारीको घरदेखि लाल मोहम्मदको घर सम्म पी सी सी ढलान | हनुमान कन्सट्रक्सन | ४८३८९१ |
| ५०।२०७७।११।१० गा पा पुजीगत | म्युदिन कवारीको घरदेखि सम्सुदिन राइलको घरसम्म माटो ग्राभेल पी सी सी ढलान | श्री शक्ति निर्माण सेवा | ४८५५३० |
| ५१।२०७७।११।१० गा पा पुजीगत | हकिम नदाफको पसलदेखि धोबीयाहीसम्म पि सि सि ढलान | मालिया कन्सट्रक्सन | ४८४१३३ |
| | जम्मा | | १९२३००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>

**मेसिनद्वारा माटो खन्ने कार्य**

सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । मेसिनद्वारा माटो खन्ने कार्यका लागि सडक विभागले तयार गरेको नर्म्स तथा हाइड्रोलिक एस्काभेटरको Bucket capacity को आधारमा Average excavation rate समेतलाई आधार मानेर दररेट विष्लेशण गर्नुपर्दछ । तर पालिकाले देहायको योजनाहरुको भुक्तानी गर्दा नर्म्स भन्दा बढी मुल्य राखी लागत अनुमान बनाएकोले पालिकालाई बढी व्ययभार परेको रु.

<table>
<tr><th>भौचर नं र मिति</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>परिमाण</th><th>स्विकृत दर प्रति घन मि नरम माटो</th><th>भुक्तानी दर</th><th>जम्मा बढी खर्च भएको</th></tr>
<tr><td>३।२०७७।६।२९ पालिका पुजीगत</td><td>पिपरा गाँउपालिका वडा नं ३ मा सिंचाइका लागि बाँध निर्माण</td><td>अविनाश निर्माण सेवा</td><td>६००</td><td>६६.५५</td><td>१५१.५</td><td>५०९७०</td></tr>
</table>

</td><td>५०,९७०</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>

**मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) अनुसार ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५०% रकम कट्टी गरी आन्तरिक राजस्व कार्यालयमा सम्बन्धित फर्मकोनाममा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायको भुक्तानीमा नियमानुसार मूल्य अभिवृद्धि कर रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन पेश गर्नु पर्ने रु

<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>विजक नं</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>५० प्रतिशत रकम</th></tr>
<tr><td>३३।२०७७।९।५ गा पा पुजीगत</td><td>आर्यन अटोमोबाइलस</td><td>८११</td><td>२७९९००</td><td>३२२००</td><td>१६१००</td></tr>
<tr><td>३३।२०७७।९।५ गा पा</td><td>ओम अटोमोबाइल्स</td><td>६८२</td><td>२९५९००</td><td>३४८४६</td><td>१७४२३</td></tr>
</table>

</td><td>३५५,२४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुजीगत | | | | | | |
| | | | ३८।२०७७।९।८ गा पा पुजीगत | मा जानकी कम्प्युटर र इलेक्ट्रोनिक्स | १८० र १७७ | ५२१७४९ | ६००२४ | ३००१२ | |
| | | | ३९।२०७७।९।८ गा पा पुजीगत | विक्की सप्लायर्स जनकपुरधाम, ६०७४६९७१० | ३२ | ४६५४४७ | ५३५४७ | २६७७४ | |
| | | | १४२ गापा पुजीगत | एम आर ट्रेडिङ कन्सर्न प्रा लि, प्यान नं ६०२४८३६१० | ५५ | ३७९७६४ | ४३६८९ | २१८४४ | |
| | | | १४४ गापा पुजीगत | स्टार कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स, प्यान नं ६०७४६३२४६ | १४४ | ३८०३०० | ४९४३९ | २४७१९ | |
| | | | १४५ गा पा पुजीगत | शिवम स्टील फर्निचर उद्योग, प्यान नं ६०२३७३५६६ | ५२ | ४३६३०० | ५६७१९ | २८३६० | |
| | | | १९९ गा पा पुजीगत | स्काई रेन्बो ट्रेडिङ प्रा लि, प्यान नं ६०४२८१९४२ | २१ | २९३३००० | ३३७४२६ | १६८७१३ | |
| | | | ११ सशर्त चालु | दलित समाज उत्थान समिति नेपाल | २ | ३२७७०३ | ४२६०१ | २१३०० | |
| | | | | जम्मा | | | | ३५५२४५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **फोटोकापी विजक**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले खर्चलेख्नु अघि त्यस्तो रकम खर्च लेख्नु वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले भुक्तानी दिदाँ रितपूर्वक पेश भएको कर विजकको आधारमा भुक्तानी दिनुपर्नेमा फोटोकपी विजक पेश गरी भुक्तानी गरेको देखिएकोले सक्कल विजक तथा सम्बन्धित विजकको मूल्य अभिवृद्दि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु | १०१,७७८ |

| भौचर नं र मिति | विवरण | भुक्तानी पाउने. | भुक्तानी भ्याट सहित | मू अ कर |
|---|---|---|---|---|
| १९।२०७७।७।५ पुजीगत न पा | स्वास्थ्य चौकीको झ्याल ढोकामा पल्ला र सिढी घरमा चौकठ र पल्ला समेत | सरिफ कन्सट्रक्सन, विजक नं ३, २०७७।३।३० | १७३९२९ | २०००९ |
| २१।२०७७।७।५ न पा पुजीगत | स्वास्थ्य चौकिभवनको सिढी तथा घर प्लाष्टर | डि एण्ड डि कन्सट्रक्सन, विजक नं ८, २०७७।३।२५ | ४१४८६९ | ४७७२८ |
| ३६।२०७७।९।५ पुजीगत गा पा | Pulsar NS Bike खरिद | ओम अटोमोबाईल्स | २९५९०० | ३४०४१ |
| | जम्मा | | | १०१७७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४</td><td></td><td></td><td>

**सोझैखरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.

<table>
<tr><th>भौचर नं र मिति</th><th>योजना तथा खरिद व्यहोरा</th><th>बजेट खर्च</th></tr>
<tr><td>३६।२०७७।९।५ गा पा पुजीगत</td><td>२ वटा बाईक खरिद, आर्यन अटोमोबाइल्स र ओम अटोमोबाइल्सबाट</td><td>५८९०२५</td></tr>
<tr><td>३८।२०७७।९।८</td><td>मा जानकी कम्प्युटर एण्ड इलेक्ट्रोनिक्सबाट कम्प्युटर ल्यापटप तथा प्रिन्टर लगायतका सामान खरिद</td><td>५२१७४९</td></tr>
<tr><td>६५ चालु, ३७ र४५ गापा पुजीगत</td><td>इलेक्ट्रोनिक्स, मसलन्द तथा कार्यालय सामान आइटी इलेक्ट्रोनिक्स संसारबाट</td><td>९६८६५०</td></tr>
<tr><td>१४७,२६३ गापा पुजीगततर्फ र ४५५,२३३,४०४ चालुतर्फ</td><td>न्यू महारानी जेनरद्य अर्डर सप्लायर्सबाट लामखुट्टे मार्ने मेसिन, विषादी तथा अन्य कृषि समाग्र खरिद</td><td>१९९९२९८</td></tr>
<tr><td>१५५,१३५ चालु र १७० पुजीगत</td><td>यूनियन प्रेस जनकपुरधामबाट छपाई तथा मसलन्द</td><td>८६२८३९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९४१५६१</td></tr>
</table>

</td><td>४,९४१,५६१</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>

**विलभरपाई नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले खर्चलेख्नु अघि त्यस्तो रकम खर्च लेख्नु वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानी गर्दा विलभरपाई, खर्चलाई पुष्ट्याई गर्ने कागजात प्रमाण पेश नभएकोले प्रमाण कागजात पेश हुनु पर्ने रु

</td><td>१,८७५,५३४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौचर नं | कार्यक्रम | बजेट खर्च |
|---|---|---|
| ४६।२०७७।११।९ | तरकारी मिनिकिट हिउदे बर्षे १२५० प्याक | २५०००० |
| १७५।२०७८।१।१७ | तरकारी मिनिकिट हिउदे बर्षे १२५० प्याक | २४९९४८ |
| १२२।२०७७।१२।६ | गहुँ बिउ विभिन्न वडाले बुझिलगेकोमा वितरण गरेको लाभग्राही छनोटको आधार, सम्पर्क नं सहितको वडाबाट वितरण भएको वितरण भरपाई पेश नभएको | १६०००० |
| १९८।२०७८।२।२४ | जैविक मल लब कुश जेनरल अर्डर सप्लायर्सबाट ४४१० kg सम्पर्क नं सहितको वडाबाट वितरण भएको वितरण भरपाई पेश नभएको | २९९८८० |
| २६३।२०७८।३।३० | न्यू महारानी जनरल अडर सप्लायर्सबाट धानको विउ खरिद ३९६८ kg वितरण भरपाई पेश नभएको | ४९९९६८ |
| १३५।२०७८।२।२० सशर्त चालु | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरण पुस्तक छपाई, यूनियन प्रेसबाट १४५० थानको वितरण भरपाई र विद्यालयले आम्दानी बाँधेको प्रमाण पेश नभएको | २९८९१३ |
| १४०।२०७८।३।२० सशर्त चालु | माँ बैष्णवी जनलर स्टोरबाट विभिन्न इलेक्टोनिक्स सामान तथा कम्प्युटरका एसेसरिज खरिद गर्दा भौचर र विजक बाहेक अन्य कागजात कुनै पनि कागजात माग फारम, मर्मत फारम, खरिद आदेश, दाखिला पेश नभएको | ३६८२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५५ सशर्त चालु</td><td>पोषण संवेदनशील कार्यक्रमहरु संचालनतर्फ कविर जेनरल अर्डर सप्लायर्सबाट सरसफाई सामग्री खरिद गरी वितरण गरेकोमा वितरण भरपाई नभएको</td><td>८००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८७५५३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>
जिन्सी दाखिला नगरेको<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ (१)मा व्यवस्था भए बमोजिम जिन्सी मालसामानको विवरण र मूल्य समेत खोली जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाधेर सरकारी तथा जिन्सी सामानको लगत तयार गर्नुपर्नेमा पालिकाले देहायका सामानहरुको जिन्सी किताबमा दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>कार्यक्रम</th><th>बजेट खर्च</th></tr>
<tr><td>१४४।२०७७।१२।२४ गा पा पुजीगत</td><td>कम्प्युटर लगायतका सामग्री</td><td>४२९७३९</td></tr>
<tr><td>१७१।२०७७।२।१२ गा पा पुजीगत</td><td>इन्भरटर लगायतका सामान</td><td>१५६९५७</td></tr>
<tr><td>१७४।२०७८।२।१२ गा पा पुजीगत</td><td>इनभरटर प्रिन्टर लगायतका सामान</td><td>३४४३११</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९३१००७</td></tr>
</table>
</td><td>९३१,००७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८७ | | | **कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार नगरी सोझै खरिद** <br> **(१३६ संघ सशर्तचालु)**सार्वजनिक खरिद नियमावली २०६४ नियम १२(३) मा व्यवस्था भए अनुसार लागत अनुमान तयार गरी सेवा प्रदायकबाट प्रस्ताव माग गरी खरिद गर्नुपर्दछ ।पालिकाले भारद्वाज ब्रोडकास्ट नेटवर्क प्रा लि बाट व्यक्तिगत घटना दर्ता शिविर सञ्चालनका लागि परामर्श सेवा खरिद गरेर यस वर्ष रु ७९८९१० भुक्तानी गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु यसप्रकार छन । <br> सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ अनुसार सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि परामर्शदाताको कार्यक्षेत्र, सम्पादन गर्नुपर्ने काम, लाग्ने जनशक्ति, योग्यता र समय, प्रतिवदेन तथा तथ्यांक आदिको लगायतको विवरण उल्लेख गरी कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लागत अनुमान तथा कार्यक्षेत्रगत शर्त तयार नै नगरी प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखिएकोले उक्त खर्च नियमसंगत नदेखिएको रु | ७९८,९१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **व्यक्तिगत घटना दर्ता शिविर**<br>**(१३६ संघ सशर्तचालु)** पालिकाले भारद्धाज ब्रोडकास्ट नेटवर्क प्रा लि बाट व्यक्तिगत घटना दर्ता शिविर सञ्चालनका लागि परामर्श सेवा खरिद गरेर यस वर्ष रु ७९८९१० भुक्तानी गरेको देखिन्छ ।लेखापरीक्षणको क्रममा उक्त परामर्शदाता फर्मले प्रतिवेदन समेत पेश नगरेको र कार्यालय आफैले दर्ताशिविरको प्रतिवेदन तयार गरेको देखियो।यस सम्बन्धमा थप व्यहोरा निम्न अनुसार छन् ।<br>• सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चलान निर्देशिका २०७४ को बुदाँ नं ५.२(ङ) मा उल्लेख भए अनुसार प्रत्येक वडामा सेवा ग्राहीलाई पायक पर्ने गरी ३ वटा फरक फरक स्थानमा दर्ता शिविर सञ्चालन गर्नुपर्ने तथा जनसंख्या र भुगोलको आधारमा बढीमा १२ दिनसम्म सञ्चालन गर्न सकिने तथा प्रति शिविर ४ जना जनशक्ति रहनुपर्ने उल्लेख छ । पालिकामा सो कार्यक्रम ३ दिन ७ वटै वडामा विभिन्न ३ स्थानमा सञ्चालन भएकोमा भारद्धाज ब्रोडकास्ट नेटवर्क प्रा लि ले पेश गरेको दर रेट अनुसार४ जना जनशक्ति प्रति शिविर(नर्म्स अनुसार)का हिसाबले जनशक्तिका लागि रु ८०० का दरले रु २०१६०० भुक्तानी हुनुपर्नेमा रु ३३६००० भुक्तानी भएकोले रु १३४४०० बढी भुक्तानी देखिएको रकम असुल हुनुपर्ने रु. **१३४४००**<br>• भारद्धाज ब्रोडकास्ट नेटवर्क प्रा लि ले ३ वटा क्याम्पको लागि रु २५०० अर्थात १ वटा वडाको लागि १ दिनको खर्च रु २५०० पेश गरेकोमा ७ वटा वडामा प्रत्येक प्रति क्याम्पको लागि ३ दिनको कूल ५२५०० भुक्तानी हुनेमा रु १५०००० भुक्तानी भएकोले बढी भुक्तानी रु ९७५०० असुल हुनुपर्ने रु **९७५००**<br>• भारद्धाज ब्रोडकास्ट नेटवर्क प्रा लि ले पेश गरेको दर रेट अनुसार ४ जना जनशक्ति प्रति शिविर (नर्म्स अनुसार)का हिसाबले प्रतिदिन २१ वटा शिविरको लागि ३ दिनको रु ४५० का दरले खाजा तथा यातायात खर्च बापतको रु ११३४०० भुक्तानी हुनुपर्नेमा रु १८९००० भुक्तानि भएकोले बढि भुक्तानी रु ७५६०० असुल हुनुपर्ने रु **७५६००** | ३०७,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९</td><td></td><td></td><td>इजाजत प्राप्त नभएको व्यवसायीबाट औषधी खरिद<br>भौ नं १५२।२०७८।३।२३ औषधी ऐन २०३५ अनुसार औषधी तथा औषधीजन्य सामान विक्री वितरण गर्न औषधी व्यवस्था विभागमा दर्ता हुनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न औषधी तथा औषधीजन्य सामान खरिद गर्दा औषधी व्यवस्था विभागबाट इजाजत प्राप्त नभएको एस एण्ड एस जेनरल अर्डर सप्लायर्सबाट रु ५६४४३ को औषधी आइटम सहितको बिजक पेश गरी भुक्तानी गरेको देखिन्छ । सो फर्मले औषधी तथा औषधीजन्य सामान विक्री बितरण गर्न पाउने कानूनी आधार नरहेकोले खर्च सम्बन्धमा यकिन हुन नसकिएको रु</td><td>५६,४४३</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>न्यून प्रतिस्पर्धा<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ (ङ) अनुसार कुनै बोलपत्र दाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा बोलपत्र रद्ध हुने प्रावधान छ । खरिद कारबाहीको सम्झौता अनुसार जुन फर्मसंग खरिद सम्झौता भएको सोही फर्मलाई भुक्तानी गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा नमूना छनोट गरी हेर्दा प्रशासकिय भवनको कम्पाउण्ड वाल निर्माण कार्य ठेक्का नं Pipra\Gau\MOH\33\2077-78 का लागि रु ८६१६८४(भ्याट बाहेक) लागत अनुमानको ठेक्का आव्हान गरेकोमा मूल्यांकन समितिको मूल्यांकन तथा तुलनात्मक तालिका अध्ययन गर्दा तीन वटा मात्र ठेकेदारहरु १. प्रिया निर्माण सेवा (०.८२% घटी), २. सिंह एण्ड राजपुल कन्सट्रक्सन (०.५९% घटी) , ३. रब्बानी कन्सट्रक्सन(०.६३% घटी) बीच प्रतिस्पर्धा भएको र सबैभन्दा घटी रकम कबुल गर्ने प्रिया निर्माण सेवा को रु ८५४६५६(भ्याट बाहेक) ठेक्का रकम स्वीकृत गरी सम्झौता भएको देखियो । तर उक्त योजनाको भुक्तानीका लागि रब्बानी कन्सट्रक्सनबाट २०७८।१।१५ गते माग भएको पत्रको आधारमा सिंह एण्ड राजपुत कन्सट्रक्सनलाई भौ नं १९०।२०७८।२।१९ बाट रकम भुक्तानी भएको लेखापरीक्षणको क्रममा देखियो । सो सम्बन्धमा सोही तीनवटा फर्महरुबाट मात्र बोलपत्र दर्ता भएको १ प्रतिशत भन्दा पनि न्यूनमा ठेक्का रकम कबोल भएको, न्यून प्रतिस्पर्धा देखिएको देहायका योजनाहरुको सम्बन्धमा यकिन हुनु पर्ने देखिएको रु
<table>
<tr><th>ठेक्का नं</th><th>भौ नं</th><th>योजना</th><th>लागत अनुमान (भ्याट बाहेक)</th><th>ठेकेदार</th><th>कबोल अंक (भ्याट बाहेक)</th><th>घटी प्रतिशत</th><th>भुक्तानी (भ्याट सहित)</th></tr>
<tr><td>PIPRA/GAU/MOH/36/2077-78</td><td>२३८</td><td>गुदगुदी फकिरको घरदेखि विजय झाको मिल सम्म पी</td><td>११६५५२४</td><td>रव्वनी कन्सट्रक्सन</td><td>११०८४४०</td><td>०.६४</td><td>१२५१००७</td></tr>
</table></td><td>११,०२३,७०४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सी सी ढलान कार्य | | | | | | | |
| | | | | PIPRA/GAU/MOH/17/2077-78 | २३९ | रामसागरको घर देखि छड्कीसम्म पी सी सी ढलान कार्य | ६८७८३६ | प्रिया निर्माण सेवा | ६८१८८४ | ०.८७ | ७६९३२७ | | |
| | | | | PIPRA/GAU/MOH/18/2077-78 | २४० | रा. अ. वि. देखि खेहरु धोवीको घरसम्म पि सि सि ढलान | १२९१५६७ | रव्वनी कन्सट्रक्सन | १२८२७८९ | ०.६८ | १४४५७७७ | | |
| | | | | PIPRA/GAU/MOH/33/2077-78 | १९० | प्रशासकीय भवनको कम्पाउण्डबाल निर्माण वडा नं ४ | ८६१६८४ | प्रिया निर्माण सेवा | ८५४६५६ | ०.८२ | ७८१०२८ | | |
| | | | | PIPRA/GAU/MOH/34/2077-78 | २५७ | दिरपाल ठाकुरको घरदेखि महेन्द्र मिस्तारको घरसम्म पि सि सि | १२८७५९६ | रव्वनी कन्सट्रक्सन | १२७८६१५ | ०.७ | १४८३४६ | | |
| | | | | PIPRA/GAU/MOH/34/2077-78 | ९७ | शिव चौकको सामुदायिक भवनको वरीपरी कम्पाउण्ड वाल निर्माण | १२८८४९४ | रव्वनी कन्सट्रक्सन | १२८२९२५ | ०.४३ | १४४९२९३ | | |
| | | | | PIPRA/GAU/MOH/11/2077-78 | १८८ | मलंगथानको कम्पाउण्डबाल कार्य | ३४४६६९६ | रव्वनी कन्सट्रक्सन | ३४३५६३४ | ०.३२ | ३७५४०२९ | | |
